# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाका लिखित र मौखिक गरी दुई माध्यम हुन्छन् । मानव मनका अन्तरभावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । मौखिक भाषा अस्थायी किसिमको हुन्छ भने लिखित भाषा स्थायी किसिमको हुन्छ । भाषाका आधारभूत सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । जसमा सुनाइ र पढाइ आदानात्मक सिप हुन् भने पढाइ र लेखाइ प्रदानात्मक सिप हुन । लेखाइ भाषाका चारवटै सिपहरूमध्ये अन्तिम तर प्रभावकारी सिप हो । व्यक्तिले आफूले अनुभव गरेका र ज्ञान गरेका कुरालाई अरू समक्ष प्रस्तुत गर्न र ती कुरालाई सम्भनामा राख्न भविष्यमा आफू र अरूको लागि उपयोगी बनाउन समेत लेखन कलाले मद्दत गर्दछ ।

सुनेका, देखेका, पढेका, जानेका कुरालाई लिपि चिह्नद्वारा सिलसिला मिलाई अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ (ढकाल, २०७०: २८८) । वक्तालाई आफ्नो विचार व्यक्त गर्न लेखाइ सिपको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा लेखन सिपको पहिलो चरण वाक्य निर्माण हो । यसलाई गति दिनका लागि अनुच्छेदलेखनको महत्त्व रहेको पाइन्छ । लेखनसम्बन्धी विभिन्न कार्यकलापहरू निबन्धलेखन, चिठीलेखन, प्रतिवेदनलेखन, बुँदाटिपोट, सारांशलेखन आदिको पूर्वाधार निर्माण अनुच्छेदलेखनबाट नै हुन्छ । कुनै विषय वा शीर्षकका बारेमा लेखिएका एकभन्दा बढी वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ । जसमा कुनै विचार वा दृष्टिकोण प्रस्तुत भएको हुन्छ (भण्डारी, र अन्य २०६५: १६९) । अनुच्छेदलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकारप्रकार विद्यार्थीहरूको अनुभव, सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । स्तरअनुसार यसको आकारप्रकार बढ्दै जान्छ (शर्मा र पौडेल, २०६८ : १८५) । कुनै शीर्षकमा निहित भावनाको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो । एक वा एकभन्दा बढी वाक्यहरूबाट बनेको भाषिक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ । कुनै निश्चित शीर्षकमा आबद्ध भाषिक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ । कुनै निश्चित शीर्षकमा आबद्ध भएर भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेदलेखन हो । अनुच्छेदलाई वाक्यभन्दा ठूलो र सङ्कथनभन्दा सानो वा तल्लो एकाइ मानिन्छ ।

अनुच्छेदलेखन कार्य प्रा.वि तहदेखि माध्यमिक तह तथा विश्वविद्यालय तहसम्म पनि महत्त्व रहन्छ । अनुच्छेदलेखन कार्यले लेखाइलाई शुद्ध र गहकिलो बनाउन सहयोग गर्दछ । अनुसन्धान कुनै विषयमा नयाँ तथ्य पत्ता लगाउनु, पुराना तथ्यको पुनर्व्याख्या गर्नु र भावी अनुसन्धानको क्षेत्र पत्ता लगाउनु हो । अनुसन्धान गर्ने अनुसन्धेय विषय समस्यापूर्ण हुनु पर्दछ । जसले अनुसन्धानको उद्देश्य पूरा गराउन सहयोग पुऱ्याउँछ । प्रस्तुत शोधकार्य दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता अध्ययनसँग सम्बन्धित छ । जसमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता के कस्तो छ भन्ने कुरा अनुसन्धानको मुख्य विषयका रूपमा रहेको छ ।

## १.२ समस्याकथन

अनुसन्धान गर्नका लागि छनोट गरिएको कुनै पनि अनुसन्धेय विषय नै अनुसन्धानको समस्या हो । खास विषय क्षेत्रमा देखिएका समस्याहरूको खोजी गर्न र तिनको समाधान गर्ने कार्य शोधसँग सम्बन्धित हुने भएकाले समस्याकथनलाई अनुसन्धान कार्यको अपरिहार्य तत्त्वका रूपमा लिइन्छ । अनुसन्धान कार्यलाई प्रभावकारी बनाउका लागि निश्चित उद्देश्य र सीमाभित्र रहेर अगाडि बढ्न सकेमा मात्र शोधकार्य सहज र प्रभावकारी हुन्छ । अनुच्छेदलाई वाक्यभन्दा ठूलो सङ्कथनभन्दा सानो एकाइ मानिन्छ । एकभन्दा बढी वाक्यहरूबाट सिङ्गो संरचना निर्माण हुने गरी एक अनुच्छेद तयार पार्नु नै अनुच्छेदलेखन हो । भाषिक अभिव्यक्तिलाई लेखाइले सचेतता र शुद्धताको परिष्कार गर्दछ । अनुच्छेदलेखन लेखन सिपको महत्त्वपूर्ण आधार हो । यस लेखनमार्फत् लेखन सिपमा अपेक्षित सुधार ल्याउन सकिन्छ । त्यसैले विद्यार्थीहरूमा लेखन सिपको विकास गर्न अनुच्छेदलेखनलाई प्राथमिकता दिनुपर्दछ । दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित समस्यालाई तल प्रश्नार्थक रूपमा प्रस्तुत गरिएको छ :

क) दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कस्तो छ ?

ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कस्तो छ ?

ग) पहिलो नेपालीभाषी र दोस्रो नेपालीभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कस्तो छ ?

घ) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

उद्देश्यले नै अुनसन्धानलाई गन्तव्यमा पुऱ्याउने भएकाले उद्देश्य, स्पष्ट, सरल, संक्षिप्त र मानवीय हुनुपर्दछ । शोधकार्यलाई सम्पन्न गर्नका लागि उद्देश्यले स्पष्ट मार्गनिर्देशन गर्दछ । शोधार्थीले उद्देश्य निर्धारण गर्दा सो समस्यामा केन्द्रित भएर निर्धारण गर्नुपर्दछ । शोधकार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउनको लागि निम्नानुसारका उद्देश्य रहेका छन् :

क) दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु,

ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु,

ग) पहिलो नेपालीभाषी र दोस्रो नेपालीभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु,

घ) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

## १.४ अध्ययनको सान्दर्भिकता/उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान आफैंमा एक महत्त्वपूर्ण र चुनौतीपूर्ण हुन्छ । अनुसन्धान गर्नुको मूल कारण नयाँ कुराको खोजी गर्नु हो वा भएको कुरा पुनरावलोकन गरी सत्यतथ्य कुराको पुष्टि गर्नु हो । भाषाका औपचारिक र मौखिक विचारलाई लेख्य रूप लिन लेखन सिपको विकास हुनु जरुरी छ । लेखन सिपले भाषालाई सुसङ्गठित गर्ने हुँदा विद्यालय स्तरको तल्लो तहदेखि माथिल्लो तहसम्म लेखन सिप विकास गराउन उपयुक्त ठानिन्छ ।

मौखिक विचारलाई लिपिवद्ध रूपमा उतार्न विद्यार्थीको स्तर र कक्षाको स्तरअनुसार लेखन क्षमता रहे नरहेको पहिचान गर्न र आवश्यक सुझाव प्रस्तुत गरी लेखन कलाको विकास गर्न लेख्य सिपसँग सम्बन्धित अनुसन्धान औचित्यपूर्ण हुन्छ । अनुच्छेदलेखनका माध्यमबाट विद्यार्थीहरूको लेखन क्षमता पहिचान गर्न र आवश्यक कुनै पनि विषयवस्तुमा

रहेर आफ्ना विचारहरूलाई साङ्गठिक रूपमा सिलसिलाबद्ध तरिकाले लिखित रूपमा उतार्न विद्यालय स्तरमा विद्यार्थीहरूको अनुच्छेदलेखन सिप विकास गराउन अध्ययन सान्दर्भिक र औचित्यपूर्ण हुन्छ । अनुच्छेदलेखनले विद्यार्थीहरूको भाषिक शब्दभण्डार, लेखन सिपको क्रमबद्धता तथा सिर्जनात्मक क्षमताको विकास, विद्यार्थीहरूको लेखाइसम्बन्धी ढङ्गढाँचाको पहिचान गर्न समेत सहयोग पुऱ्याउँछ । विभिन्न किसिमको ढाँचालाई जोडेर अनुच्छेद निर्माण गर्न सक्ने क्षमताको विकास गराउन, अनुच्छेदका संरचना र प्रकारका बारेमा जानकारी गराइ सोहीअनुरूप अनुच्छेदलेखन सिप विकास गराउन यो अध्ययन उपयोगी हुन्छ भने विद्यार्थीहरूले अनुच्छेदलेखनका क्रममा कुन-कुन पक्षमा कस्तो कमजोरी गरे त्यसका लागि के कस्तो शिक्षण विधि र प्रक्रिया अपनाउनु पर्ने हो त्यसको बारेमा जानकारी गराई सोहीअनुरूपको शिक्षणमा सुधार ल्याउन शिक्षकहरूका लागि पनि यो अध्ययन सान्दर्भिक हुन्छ ।

कुनै पनि विषयवस्तुको आफ्नै महत्त्व रहेको हुन्छ । त्यसैले अनुच्छेदलेखनको पनि आफ्नै महत्त्व रहेको छ । यस किसिमको लेखाइले लेखाइमा स्तरीयता ल्याउन, स्वतन्त्र र सिर्जनात्मक लेखन क्षमताको विकास गराउन आफ्ना मौलिक विचारलाई सिलसिलाबद्ध ढङ्गले अभिव्यक्त गर्न, लेखन सिप विकास गराउन विभिन्न कार्यकलापहरूको आधार प्रदान गर्न, आन्तरिक खुबीलाई प्रस्फुटन गराउन, नेपाली भाषाको स्तर र सन्दर्भअनुसारको लेखाइ सिपको विकास गर्दै लेखाइमा स्पस्टता ल्याउन प्रस्तुत अध्ययन सहयोगी हुने अपेक्षा गरिएको छ । समग्रमा लेखाइ सिपसँग सम्बन्धित जुनसुकै पक्षको विकासमा त्यससँग सरोकार राख्ने इच्छुक व्यक्तिहरूका लागि प्रस्तुत अध्ययन सान्दर्भिक हुने देखिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अध्ययनका क्रममा अनुसन्धेय विषयवस्तु क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त व्यापक र विस्तृत हुन सक्छ । अध्ययनका क्रममा सम्पूर्ण जनसङ्ख्यालाई समेटन कठिन हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित घेरामा समेटी गन्तव्यमा पुग्न र उपयुक्त तथ्य कुरा पत्ता लगाउन अध्ययनलाई सीमाङ्कन गरिनुपर्दछ । प्रस्तुत शोधकार्यको शीर्षक दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन राखिएको छ । तापनि शोधका क्रममा

आइपर्ने आर्थिक, भौगोलिक तथा समयको अभाव आदि कारणले गर्दा प्रस्तुत शाधेकार्य निम्न सीमाभित्र सीमाङ्कन गरेर अध्ययन गरिएको छ :

क) प्रस्तुत अध्ययन दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ ।

ख) प्रस्तुत अध्ययन दाङ जिल्लाको लमही नगरपालिकाभित्र पर्ने ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरू र छात्र छात्राको अनुच्छेदलेखन क्षमता के कस्तो रहेको छ भनी अध्ययन गर्नु र अध्ययन तथा परीक्षणबाट प्राप्त भएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या तथा विश्लेषण गर्ने कार्यमा आधारित रहेको छ ।

# अध्याय दुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

पूर्व अध्ययन भन्नाले सम्बन्धित विषयमा के कति अनुसन्धान भएका छन् र अब कति अनुसन्धान हुन बाँकी छन् भन्ने कुराको सोधखोज हो । यस अध्ययनले यसपूर्व भएका सम्पूर्ण अनुसन्धानको जानकारी दिनुका साथै यससँग सम्बन्धित विषयको शीर्षकमा सम्पन्न भए नभएको अनुसन्धान गर्नु आवश्यक हुन्छ ।

पूर्वकार्यको समीक्षालाई शोध लेखनको अति महत्त्वपूर्ण अङ्ग मानिन्छ । यसलाई साहित्यको पुनरावलोकन पनि भनिन्छ । सामान्यतया सम्बन्धित पूर्वकार्यको समीक्षाले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्न, अनुसन्धानको औचित्यलाई प्रस्ट पार्न, उपयुक्त अनुसन्धान विधि छनोट गर्न, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा ठोस आधार प्रदान गर्दछ (निउरे र घिमिरे, २०७०: २४०) । पूर्वकार्यको समीक्षाले त्यसभन्दा पहिले सम्बन्धित विषयमा के कति अनुसन्धान भएका छन् र अब कति अनुसन्धान हुन बाँकी छन् भन्ने कुराको शोधखोज गर्न सहयोग पुऱ्याउँछ । आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धान भए नभएको जानकारी प्राप्त गरी आफ्नो अनुसन्धानलाई उद्देश्यमूलक बनाउन सहयोग मिल्दछ । पूर्वशोध सामग्रीको अध्ययनबाट आफूले गर्ने शोधको सीमा निर्धारण गर्न उद्देश्य विधि र समस्या पहिचान गर्न समेत सहयोग पुऱ्याउँछ । पूर्वकार्यको समीक्षा विना कुनै पनि अध्ययनलाई अघि बढाउन स्तरहीन तथा अर्थ हीन बन्न जाने र अध्ययनको विषय दोहोरिन जाने सम्भावना रहने हुनाले अध्ययनको क्रममा पूर्वकार्यको समीक्षा अति महत्त्वपूर्ण हुन्छ । अर्थपूर्ण ढङ्गले शोधकार्य गर्नाका लागि उद्देश्यलाई सार्थक बनाउन विगतका प्रयासहरूको समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तकको समीक्षा

अनुच्छेदलेखनसम्बन्धी विभिन्न किसिमका लेखरचना प्रकाशनमा आएका देखिन्छन् । पाठ्यपुस्तक, पत्रपत्रिका, पाठ्यक्रम, विभिन्न सन्दर्भगत लेखन/रचना रहेका पाइन्छन् । उक्त शीर्षकमा आधारित भएर पुस्तक समीक्षा गरिएको छ ।

अधिकारी (२०६१) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा अनुच्छेदलेखनका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षणसम्बन्धी कार्यकलापहरू, लेखाइको शुद्धिकरण, आभ्यासिक, निर्देशित र स्वतन्त्र तथा सिर्जनात्मक लेखनका बारेमा चर्चा गरिएको पाइन्छ । जसले विद्यार्थीहरूमा शुद्ध, स्तरीय, स्पष्ट, मानक लेखनकलाको विकास गराउन सहयोग पुऱ्याउँछ ।

भण्डारी र अन्य (२०६५) द्वारा लिखित *साधारण नेपाली* नामक पुस्तकमा अनुच्छेदलेखनसम्बन्धी विभिन्न विचार प्रस्तुत गरिएको छ । कुनै विषय वा शीर्षकको वर्णनको सिलसिला मिलेका वाक्यहरूको समूह नै अनुच्छेद हो । यो एक प्रकारको मौलिक र स्वतन्त्र लेखन हो भनिएको छ । जसअन्तर्गत अनुच्छेद रचनामा प्रारम्भिक, मुख्य र निष्कर्ष भाग हुने कुरा निर्देशित गरिएको छ साथै यसमा अनुच्छेद लेख्ने तरिका, अनुच्छेदका प्रकार, अनुच्छेदको नमुना उल्लेख गरिएको छ । बी.एड. तहका विद्यार्थीहरूलाई अनुच्छेदसम्बन्धी विभिन्न कुराहरूको बारेमा जानकारी गराई सोहीअनुरूपका अनुच्छेदलेखनमा यो पुस्तकले सहयोग पुऱ्याउँछ ।

पौडेल (२०६६) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा अनुच्छेद वाक्यभन्दा माथिल्लो सङ्कथनभन्दा तल्लो अभिव्यक्तिको एक प्रकार मानिन्छ । यसको लेखन सामान्यतया प्रारम्भिक कक्षाहरूबाटै सुरु हुन्छ, तापनि निर्धारित ढाँचामा अनुच्छेदलेखन कार्य भने उच्च शिक्षामा प्रवेश गरेसँगै गरेको देखिन्छ । अनुच्छेदलेखनमा एकभन्दा बढी वाक्यहरूलाई कसरी पारस्परिक ढङ्गले सङ्गठित गर्ने शीर्ष वाक्य र समापक वाक्यका बिच अरू वाक्यहरूबाट कसरी सम्बन्ध जोड्ने र विचारको शृङ्खला मिलाई कसरी स्वतन्त्र लेखनका रूपमा पूरा गर्ने भन्ने कुराको विधिविधान सहित विद्यार्थीहरूलाई अभ्यस्त तुल्याउन उक्त पुस्तकले सहयोग पुऱ्याउँछ ।

ढकाल र अन्य (२०७०) द्वारा लिखित *अनिवार्य नेपाली* नामक पुस्तकमा विशेषगरी स्नातक तहमा भाषिक सिप विकास गर्नका लागि अनुच्छेद रचना समावेश गरिएको पाइन्छ । बाह्रवटा एकाइ रहेको उक्त पुस्तकको एकाइ आठमा अनुच्छेदलेखनसँग सम्बन्धित कुराहरू उल्लेख गरिएको छ । जसमा अनुच्छेदलेखनको परिचय, अनुच्छेदलेखनको तरिका र अनुच्छेदलेखनका प्रकार राखिएको छ । स्वतन्त्र रूपमा विद्यार्थीहरूले विभिन्न शीर्षकमा

अनुच्छेद रचना गर्न सक्ने भएकाले यस तहमा अनुच्छेद रचना एकाइ समावेश गरिएको छ । जसले विद्यार्थीहरूमा स्तरीय लेखन सिप विकास गराउन सहयोग पुऱ्याउनेछ ।

पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकको अध्याय दुईअन्तर्गत लेखन कला शिक्षणभित्र लिखित अभिव्यक्ति सिप वा लेखनकला विकासका उतरवर्ती कार्यकलापहरूभित्र अनुच्छेदलेखन शीर्षक समावेश गरिएको छ । उक्त शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार-प्रकार विद्यार्थीहरूको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । जति माथिल्ला कक्षामा गयो उति यसको आकार बढ्दै जान्छ । अनुच्छेदलेखनका लागि विभिन्न शीर्षक र शैलीमा अनुच्छेदलेखने अभ्यास गराई थप अभ्यासका लागि गृहकार्य दिनुपर्दछ भनिएको छ ।

गौतम र अन्य (२०७१) द्वारा लिखित *स्नातक नेपाली* नामक पुस्तकमा विशेष गरी स्नातक तहमा भाषिक सिप विकास गर्नका लागि अनुच्छेद रचना समावेश गरिएको छ । जसअन्तर्गत अनुच्छेद रचनाका प्रारम्भिक भाग, मुख्य भाग र निष्कर्ष भाग हुने कुरा उल्लेख गरिएको छ । अनुच्छेदको प्रारम्भिक भागमा शीर्ष वाक्य रहेको हुन्छ भनी प्रस्ट पारिएको छ । मुख्य भाग परिचयभन्दा पछिको भाग हो यसमा शीर्षवाक्य वा नियन्त्रित विचार माथि छलफल, तथ्य प्रस्तुति, तर्क वितर्क आलोचना वा समीक्षा, विश्लेषण, व्याख्या, छलफल, उदाहरण तथा अन्य सूचना प्रस्तुत गरिएको हुन्छ र अन्तिम खण्ड निष्कर्ष खण्ड हो । यसमा अनुच्छेदमा दिइएका सूचना र नियन्त्रित विचारहरूको सारांशीकरण गरिएको हुन्छ । उक्त पुस्तकमा अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने बुँदाहरू पनि उल्लेख गरिएको छ । स्नातक तहका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको विकास गर्न यो पुस्तक निकै उपयोगी हुनेछ ।

### २.१.२ शोधपत्रको समीक्षा

अनुच्छेदलेखनसम्बन्धी थुप्रै शोधकार्य सम्पन्न गरिएको पाइन्छ । यसले विद्यार्थीहरूमा अनुच्छेदलेखन क्षमता अभिवृद्धि गर्नका लागि सहयोग पुऱ्याउँदछन् :

पोखरेल (२०७०) द्वारा 'पाल्पा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रमा पाल्पा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अवस्था पहिचान गर्नु, उक्त कक्षाका विद्यार्थीहरूको अनुच्छेदलेखनसम्बन्धी समस्या पत्ता लगाई आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेको पाइन्छ । मुल रूपमा क्षेत्रीय अध्ययन विधिमा आधारित भई गरिएको उक्त शोधमा पाल्पा जिल्लाका ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । छात्रभन्दा छात्राहरू बढी अनुच्छेदलेखन क्षमतामा सक्षम रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहेको पाइन्छ । समग्रमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

के.सी. (२०७१) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको छ । उक्त अध्ययनको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिल्याउनु, विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु, रहेको पाइन्छ । यस अध्ययनअन्तर्गतका उद्देश्यहरूलाई पूरा गर्न पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा सयजना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरी अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा प्राथमिक स्रोतको रूपमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । समग्रमा अनुच्छेदलेखन क्षमता मध्यम खालको रहेको पाइन्छ । छात्रहरूका भन्दा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइन्छ । संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता उच्च रहेको पाइयो । भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको भन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता उच्च रहेको पाइयो । विद्यार्थीहरूमा स्वतन्त्र रूपले आफ्ना अनुभव र धारणालाई मौलिक र सिर्जनात्मक ढङ्गबाट प्रस्तुत गर्ने शैली कमजोर नै देखिएको कुरा निष्कर्षका रूपमा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन विधि र प्रक्रियाका बारेमा जानकारी प्राप्त गर्न समेत सहयोग पुऱ्याएको छ ।

काफ्ले (२०७२) द्वारा 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस शोधकार्यमा झापा जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा दशवटा विद्यालयका सयजना

विद्यार्थीहरूको अध्ययन गरिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताका आधारमा अध्ययन गरिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षक विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट शोधकार्य भएको छ । झापा जिल्लाका प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको विद्यालयका विद्यार्थीहरूलाई निर्धारित शीर्षकमा अनुच्छेदलेखन लगाइएको छ र प्राप्त उत्तरपुस्तिकालाई प्रक्रियागत रूपमा परीक्षण गरी व्याख्या विश्लेषण गरिएको छ र विद्यार्थीहरूको अनुच्छेदलेखन क्रममा लेख्य चिह्न प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूले एउटा वाक्य नटुङ्ग्याई अर्को वाक्यको सुरुवात गरेको र चन्द्रविन्दु, शिरविन्दु, विभक्तिमा समेत त्रुटि गर्ने गरेको निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट प्रस्तुत शीर्षकलाई अगाडि बढाउन संरचना निर्माण हुने हुँदा उक्त अध्ययनलाई पुनरावलोकन गरिएको छ ।

के.सी. (२०७२) द्वारा 'रामेछाप जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता' शीर्षकमा शोधकार्य पुरा भइसकेको छ । रामेछाप जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलखन क्षमताको पहिचान गर्नु लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति पहिल्याउनु, विद्यार्थीका अनुच्छेदलेखन क्षमताका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिने उद्देश्य राखी उक्त अध्ययन गरिएको छ । शोधविधिका रूपमा क्षेत्रीय अध्ययन विधि, तुलनात्मक र प्रश्नोत्तर विधि अवलम्बन गरिएको छ । साथै विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम खालको भएकाले व्यापक रूपमा सुधार गर्नुपर्ने निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट शोधपत्रका लागि आवश्यक ढाँचा निर्माण गर्नका लागि उपयोगी सामग्री बनेको छ ।

पन्त (२०७२) द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको छ । उक्त शोधकार्यको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको

तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । यसका लागि कञ्चनपुर जिल्लाका चार सामुदायिक र चार संस्थागत गरी जम्मा आठवटा विद्यालयका कक्षा नौमा अध्ययनरत ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधपत्र अध्ययनका लागि क्षेत्रीय अध्ययन विधि र नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयको, लैङ्गिकताका आधारमा छात्राहरूको, भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी नेपाली भएका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता समग्र सिपगत आधारमा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता, स्तरअनुरूपताका आधारमा मध्यम खालको भएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले शोधकार्यमा विद्यार्थीहरूले गर्ने त्रुटि क्षेत्र पहिचान गरी उद्देश्य निर्धारणमा सहयोग पुऱ्याएको छ ।

भट्टराई (२०७२) द्वारा 'जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा भइसकेको छ । जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउने उद्देश्य रहेको छ । अध्ययनअन्तर्गतका उद्देश्यहरूलाई पुरा गर्न मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गर्दै प्रतिनिधि नमुनाका रूपमा जुम्ला जिल्लाभित्रका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालय रहेका छन् । जसमा सामुदायिक विद्यालयका ४० र संस्थागत विद्यालयको ४० गरी जम्मा ८० जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि दृष्टांशबाट एक र अदृष्टांशबाट एक गरी दुईवटा शीर्षक लिई अनुच्छेदलेखन गराइएको छ । लेखनको समग्र सिपगत आधारमा विषयवस्तु संयोजन, भाषिक शद्धता मध्यम खालको देखिएको निष्कर्ष निकालिएको छ । प्रस्तुत यस अध्ययनले शोधको समस्या र उद्देश्यका रूपमा रहेको विद्यार्थीको अनुच्छेदलेखन क्षमताको स्थिति बुझ्न उपयुक्त सामग्रीका रूपमा रहेको छ ।

शर्मा (२०७२) द्वारा 'पर्वत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता' शीर्षकमा शाधेकार्य गरिएको छ । उक्त अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत

विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु, पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पाइने भिन्नताले तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन अनुसन्धान गरिएको छ । उक्त शोधकार्य अध्ययन विधिका रूपमा पर्वत जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयका ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिएर शोधकार्य अगाडि बढाइएको छ । अङ्कको आधारमा हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अङ्क कम देखिएको पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता नेपाली भाषा दोस्रो हुने विद्यार्थीहरूको कम रहेको पाइयो र दोस्रोभाषी हुनेहरूले पहिलोभाषी विद्यार्थीहरूको तुलनामा बढी अभ्यास गर्नु पर्ने निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले शोधपत्रका अङ्गहरूको व्याख्या विश्लेषण कसरी गर्ने भन्ने कुराको बारेमा जानकारी गराउन सहयोग गरेको छ ।

सिग्देल (२०७२) द्वारा 'चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु पहिलो नेपालीभाषी र दोस्रो नेपालीभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु, छात्र र छात्राहरूको अनुच्छेदलेखन क्षमताको तुलना गर्नु रहेको छ । प्रस्तुत शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र तथ्याङ्क सङ्कलन अध्ययन विधिमा आधारित रहेको छ । उपलब्ध तथ्याङ्कको वस्तुगत अध्ययनका लागि समूहगत प्रतिशताङ्क, औसताङ्क तथा समग्र प्रतिशत श्रेणी निर्धारण गरी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गरिएको छ । विद्यार्थीहरूमा गरिएको अध्ययन, व्याख्या विश्लेषण र तथ्याङ्कीय आधारमा हेर्दा निष्कर्ष मध्यम खालको रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले अनुच्छेदलेखनमा विद्यार्थीहरूको कुन-कुन पक्षमा बढी त्रुटि रहेछन् भनी त्रुटिको क्षेत्र पहिचान गर्न र उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएको छ ।

के.सी. (२०७३) द्वारा 'सल्यान जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा भएको छ । प्रस्तुत शोधकार्यको उद्देश्य सल्यान जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन

क्षमताको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । अध्ययनका उद्देश्यहरूलाई पुरा गर्न सल्यान जिल्लाका ८ वटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी स्थलगत अध्ययन विधिमा आधारित भई विद्यार्थीहरूमा अनुच्छेदलेखनको परीक्षण गराइएको छ । परीक्षणबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणबाट विद्यार्थीहरूमा समग्र सिपगत आधारमा विषयवस्तुको संयोजन, भाषिक, शुद्धता, स्तर अनुरूपता र प्रस्तुतीकरण मध्यम खालको रहेको निष्कर्ष निकालिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको, लैङ्गिकताका आधारमा छात्राहरूको र भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । उक्त पूर्वकार्यको अध्ययनले शोधकार्यमा शोधपत्रका अङ्गहरूको व्याख्या र विश्लेषण कसरी गर्ने भन्ने कुराको बारेमा जानकारी गराई सहयोग गरेको छ ।

घिमिरे (२०७३) द्वारा 'चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलखेन क्षमता पत्ता लगाउनु, लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति पहिल्याउनु रहेको छ । यस शोधकार्यमा चितवन जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालय गरी जम्मा आठवटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । अध्ययनबाट संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको, विमातृभाषीभन्दा मातृभाषी नेपाली भएका, छात्रहरूभन्दा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो भएको पाइन्छ । समग्रमा विद्यार्थीहरूमा अनुच्छेदलेखन क्षमता मध्यम खालको रहेको निष्कर्ष निकालिएको छ । यसर्थ विद्यार्थीहरूमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सिपमा सक्षम बनाउनु अनुच्छेदलेखन क्षमतालाई व्यवस्थित गरिनुपर्दछ भन्ने सुझाव दिएको पाइयो । तसर्थ अनुसन्धान कार्य सम्पन्न गर्नका लागि अबलम्बन गरिनु पर्ने विभिन्न विधि र प्रक्रियाको जानकारी प्राप्त गराई आफूले गर्ने अनुसन्धानलाई उद्देश्यमुलक र प्रभावकारी बनाउन यस अध्ययनले सहयोग गरेको छ ।

चपाई (२०७३) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा एघार पुरा गरेका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको छ । प्रस्तुत शोधकार्यको

उद्देश्य काठमाडौँ जिल्लाका कक्षा एघार पुरा गरेका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा छात्र र छात्राको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बिचको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यी उद्देश्य पूरा गर्न क्षेत्रीय अध्ययन विधि अवलम्बन गरिएको पाइन्छ । तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतका रूपमा काठमाडौँ जिल्लाका कक्षा एघार पूरा गरेका आठवटा उ.मा.वि.का १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीहरूले प्रस्तुत गरेका उत्तरपुस्तिकालाई लिइएको छ । उक्त उत्तरपुस्तिका परीक्षण गरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको र भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली दोस्रोभाषी हुने भन्दा मातृभाषी नेपाली हुने विद्यार्थीहरूमा अनुच्छेदलेखन क्षमता सन्तोषजनक नै रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले शोधकार्यमा शोधपत्रका अङ्गहरूको व्याख्या विश्लेषण कसरी गर्ने भन्ने कुराको बारेमा जानकारी गराई आफ्नो शोधपत्र तयार पार्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७३) द्वारा ‘स्याङ्जा जिल्लाका कक्षा नौमा अधययनरत विद्यार्थीहरूको अनुच्छेदलखेन क्षमता’ शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु, विद्यालयको प्रकृति र भौगोलिक परिवेशका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त उद्देश्यहरू पुरा गर्न नमुना परीक्षण विधिलाई अबलम्बन गरी स्याङ्जा जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गरिएको छ । गणितीय तथ्याङ्कका आधारमा हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूभन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरू अनुच्छेदलेखनमा अगाडि रहेको, लैङ्गिकताका आधारमा तुलनात्मक विश्लेषण गरेर हेर्दा छात्राहरूभन्दा छात्राहरूको लेखन क्षमता कमजोर रहेको, विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी भौगोलिक परिवेशअनुसार सहरी भेगका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताभन्दा ग्रामिण भेगका विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस

पूर्वकार्यको अध्ययनले आफूले गर्न लागेको शोधपत्रमा उद्देश्य, समस्याकथन, अध्ययनको औचित्य कसरी लेख्ने भन्ने अन्योल हटाउन सहयोग गरेको छ ।

न्यौपाने (२०७३) द्वारा 'काभ्रे जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु रहेको पाइन्छ । स्थलगत अध्ययन विधिमा आधारित भई यसमा तीनवटा सामुदायिक र तीनवटा संस्थागत गरी जम्मा छ वटा विद्यालयका कक्षा नौमा अध्ययनरत ९० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी तुलनात्मक विश्लेषण गरिएको छ । अनुच्छेदलेखन क्षमताको समग्र अध्ययनका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइन्छ । लैङ्गिकताका आधारमा छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो भएको, भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली भाषा दोस्रो भाषा हुने विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कमजोर रहेको पाइन्छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन समग्र सिपगत आधारमा विषयवस्तुको संयोजन भाषिक शुद्धता, स्तरअनुरूपता मध्यम खालको देखिएको पाइन्छ । समग्रमा त्यस काभ्रे जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखनको क्रममा लेख्य चिह्नको प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूको शिरविन्दु, चन्द्रविन्दु, विभक्तिको प्रयोगमा कमजोर रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले विद्यार्थीहरूले अनुच्छेदलेखनका क्रममा गर्ने त्रुटिको क्षेत्र पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

कुनै पनि शोधकार्य सम्पन्न गर्न सम्बन्धित क्षेत्रमा भएका विभिन्न पूर्वकार्यको अध्ययन गर्न आवश्यक हुन्छ । यस अध्ययनले यसपूर्व भएका सम्पूर्ण अनुसन्धानको जानकारी दिनुका साथसाथै यस सम्बन्धित विषय शीर्षकमा सम्पन्न भए नभएको अनुसन्धान गर्न आवश्यक छ । अनुसन्धान गर्न लागिएको क्षेत्रमा के कस्ता अनुसन्धानहरू भए, अनुसन्धानबाट के कस्ता निष्कर्ष निकालिएको छ ? के कस्ता विधिको प्रयोग गरिएको छ । आदि कुराले अनुसन्धानले कार्यमा सहयोगीको भूमिका खेल्दछ । पूर्वकार्यको समीक्षाले

समस्याको विशिष्टीकरण गर्न, अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न प्राक्कल्पना निर्माण गर्न पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन र समस्याको चुरो पत्ता लगाउनुका साथै आवश्यकताको बोध गराउन समेत सहयोग पुग्दछ ।

तसर्थ अनुसन्धानमा पूर्वकार्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अनुसन्धान सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर र तिनको संक्षिप्त टिकाटिप्पणी गर्नुजस्ता काम नै अत्यन्त महत्त्वपूर्ण रहेको हुन्छ । पूर्वकार्यले गर्दा विगतमा घटेका घटनाहरूको जानकारी पाउन सकिन्छ । यसले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ । त्यसैले शीर्षक चयन गर्न, उद्देश्य निर्धारण गर्न, अनुसन्धानलाई प्रभावकारी बनाउन नयाँ सिद्धान्तको खोजी ढाँचा निर्धारण गर्न, पहिले भएका अध्ययनको विश्लेषण गर्न, भविष्यमा भएका गर्न सकिने अनुसन्धानको क्षेत्र पत्ता लगाउनका लागि पूर्वकार्यको अध्ययनको महत्त्व रहेको हुन्छ ।

## २.३ सैद्धान्तिक परिचय

प्रस्तुत शोधकार्यको सैद्धान्तिक परिचय निम्नानुसार उल्लेख गरिएको छ :

### २.३.१ अनुच्छेदको परिचय

दुई वा दुईभन्दा बढी वाक्यहरूबाट निर्मित भाषाको सबैभन्दा ठूलो एकाइ अनुच्छेद हो । वाक्यात्मक तहभन्दा माथिल्लो एकाइको रूपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरू संगठित हुने भए पनि यो एक अनुच्छेदमै पूर्ण हुनुपर्दछ । यसको कुनै निश्चित आकारप्रकार नभई विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहने हुनाले जति माथिल्लो कक्षामा गयो, उति नै यसको फैलावट हुँदै जान्छ । यसमा कुनै पनि विषयवस्तुको वर्णन मौलिक र सिर्जनात्मक रूपमा सिलसिलेबार मिलाएर प्रस्तुत गरिएको हुन्छ । अनुच्छेद आफैँमा पूर्ण अभिव्यक्ति हो । अभिव्यक्तिको संक्षिप्तता र गहनता नै अनुच्छेदलेखनको विशेषता हो । अनुच्छेदलेखनको अभिप्राय कुनै वस्तु, घटना वा अनुभवका आधारमा कुनै विषय वा शीर्षकमा केन्द्रित भई एक अनुच्छेदलेखन लगाउनु हो ।

कुनै विषयवस्तुमा आधारित भई सिलसिलाबद्ध रूपमा लेखिने कार्यलाई अनुच्छेदलेखन भनिन्छ । अनुच्छेदलेखन जुनसुकै विषय क्षेत्रसँग सम्बन्धित भएर स्वतन्त्र

ढङ्गले गर्न सकिन्छ । अनुच्छेद लेख्दा आफूले व्यक्त गर्नुपर्ने कुरालाई संगठित बनाएर सिलसिला मिलाउँदै सघनताका साथ संक्षिप्त रूपमा प्रस्तुत गर्नु पर्ने हुन्छ । माथिल्ला कक्षाका तुलनामा तल्ला कक्षाहरूमा केही सङ्गठित अभिव्यक्ति नहुन पनि सक्छ तर पनि जति माथिल्लो कक्षामा गयो उत्तिनै यसमा सुधार हुँदै जान्छ । एउटा अनुच्छेदमा एउटा विचारको एक अभिव्यक्ति सामेल भएको हुन्छ । त्यसैले अभिव्यक्तिको अन्त्यसँगै अनुच्छेदलेखन पनि अन्त्य हुन्छ र एउटै अनुच्छेदमा लेखिए पनि आफैँमा पूर्ण हुन्छ ।

लेखाइ सिप विकासको अत्यन्त प्रभावकारी कार्यकलापका रूपमा मानिएको अनुच्छेदलेखन सबै तहका विद्यार्थीहरूमा गराउन सकिन्छ । अनुच्छेदलेखन लेखाइ सिप विकासको आधार भएकाले लेखाइ सिपसँग सम्बन्धित निबन्ध लेखन टिप्पणी लेखन, वादविवाद, चिठीलेखन, कथा, प्रतिवेदन, आदि जस्ता कार्यकलापमा यसलाई महत्त्वपूर्ण मान्न सकिन्छ । अनुच्छेदलेखन एउटै अनुच्छेदमा पूर्ण हुने भएकाले अनुच्छेद लेख्दा सम्बन्धित विषय वा शीर्षकका प्रमुख पक्षहरू नछुटुन् र अन्य अनावश्यक पक्षहरू नसमेटियुन् भन्ने कुरामा विचार पुऱ्याउनु पर्दछ ।

अनुच्छेद मिल्दाजुल्दा वाक्यहरूको समूह र हो जसमा प्रयोग भएका वाक्यहरूमा कुनै एक मुख्य विचार प्रस्तुत भएको हुन्छ र मुख्य विचारमाथि प्रकाश पार्ने वाक्यहरूका बिचको सुसङ्गत विन्यास हुन्छ । अनुच्छेदमा वाक्यहरू कुनै मालामा फूल उनिए जस्तै गरी तार्किक सम्बन्धका आधारमा उनिएका हुन्छन् (गौतम र अन्य, २०७१ : ९०) । तार्किक रूपमा अभिभाज्य तथा व्यवस्थित रूपमा एकीकृत भएका वाक्यहरूको समूहलाई वा तार्किक अवधारणाबाट अन्तरसम्बद्ध एकाइलाई अनुच्छेद भनिन्छ ।

कुनै विषय वा शीर्षकका बारेमा लेखिएका एकभन्दा बढी वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ । वास्तवमा भन्ने हो भने कुनै विषय वा शीर्षकको वर्णनको सिलसिलामा मिलेका वाक्यहरूको समूह नै अनुच्छेद हो (भण्डारी र अन्य २०६५: १६९) । यो एक प्रकारको मौलिक र स्वतन्त्र लेखन हो यसमा कुनै विषय वा शीर्षकका बारेमा आफ्नै ढङ्गबाट सोचिन्छ र एक अनुच्छेदमा नबढाइ त्यसको विस्तार स्वतन्त्र ढङ्गमा गरिन्छ ।

"कम भन्दा कम वाक्यहरूको समूहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटि वा अभिव्यक्तिको खण्ड हो । यसले कुनै लेख वा प्रबन्धका बुँदाहरूमध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ ।" (नेपाली वृहत शब्दकोश)

"कुनै लेख वा रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइका आधारमा छुट्टिएको हुन्छ (प्रयोगात्मक नेपाली शब्दकोश) । गद्य अभिव्यक्तिको एक अंश वा एउटा अखण्डित सिङ्गो छोटो गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ ।

अनुच्छेदलेखनको अभिप्राय के हो भने कुनै वस्तु घटना वा अनुभवका आधारमा कुनै विषय वा शीर्षकमा केन्द्रित भई अनुच्छेदलेखन लगाउनु हो । वाक्यात्मक तहभन्दा माथिल्ला एकाइका रूपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरू सङ्गठित भएका हुन्छन् (लामिछाने, २०६९: १३५) । यसको कुनै निश्चित आकार प्रकार नभई विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहने हुनाले जति माथिल्लो कक्षामा गयो उति नै यसको फैलावट हुँदै जान्छ ।"

अनुच्छेद कमभन्दा कम वाक्यसमूहबाट व्यक्त गरिएको आलेख हो । यसलाई कुनै खास विचारको अभिव्यक्ति खण्ड पनि भनिन्छ । अनुच्छेदमा सामान्यतया मिल्दाजुल्दा वाक्यहरूको समूह रहन्छ जसमा प्रयोग गरिएका वाक्यहरूमा कुनै खास मुख्य विचार दृष्टिकोण प्रस्तुत भएको हुन्छ अनुच्छेदमा एक वाक्यसँग अर्को वाक्य उनिँदै बुनिँदै र अन्तर्सम्बन्धित हुँदै अभिभाज्य रूपमा व्यवस्थित भएका हुन्छन् । विषयक्षेत्रका दृष्टिले अनुच्छेद विविध प्रकृतिका हुन सक्छनः आख्यानात्मक, वर्णनात्मक संवादानात्मक, तुलनात्मक, व्यतिरेकी आदि । यी सबै अनुच्छेदमा एक अर्को वाक्यका बिचमा तर्कपूर्ण ढङ्गले अन्तः सम्बन्ध स्थापित भएको पाइन्छ (भण्डारी, २०७४: १६) । अनुच्छेदमा अभिव्यक्तिगत प्रवाह हुनु आवश्यक छ ।

वाक्यभन्दा माथिल्लो र परिच्छेदभन्दा तल्लो भाषिक एकाइ अनुच्छेद हो । यो वाक्य-वाक्यको समुच्यबाट निर्मित हुन्छ (ढकाल, २०६७ : ३०३) । विषयको गम्भीरता र गहनता कक्षाको स्तर विद्यार्थीको अनुभवको स्तरका आधारमा अनुच्छेद ५-७ हरफसम्म लामा हुनु स्वभाविक मानिन्छ ।

कुनै शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो । यसलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ (पौडेल, २०७०: १०१) । यसको आकारप्रकार विद्यार्थीको अनुभव, सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ जति माथिल्ला कक्षामा गयो उति यसको आकार बढ्दै जान्छ ।

कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेदलेखन हो । यसलाई लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । कुनै अभिव्यक्ति वा सङ्कथनअन्तर्गत अनुच्छेदलाई वाक्यभन्दा ठूलो वा माथिल्लो एकाइ मानिन्छ । अनुच्छेद एक वा एकभन्दा बढी पाठ्यद्वारा संरचित हुन्छ । यसको विस्तारको सूचना प्रथम पङ्क्तिमा छाडिने शेष रिक्त स्थानले दिन्छन् । सङ्कथनसँग दाजेर भन्नुपर्दा सिङ्गो सङ्कथन एउटा पूरै संरचना हो भने अनुच्छेद सो संरचनाको एकाइ मात्र हो । अनुच्छेदलेखन भनेको सो अनुच्छेदभित्रै उठान विकास र पैठान समेत हुने गरी गरिने सिलसिलेवार लेखन हो ।

एक वा एकभन्दा बढी वाक्यहरूबाट बनेको भाषिक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ । अनुच्छेद भन्नाले भनाइको सिलसिलमा मिलाएर केही वाक्यहरूको रचना गर्नु भन्ने बुझिन्छ । निश्चित शीर्षक र शैलीमा आबद्ध भएर अनुच्छेद लेखिन्छ । अनुच्छेद सानो भए पनि आफैमा पूर्ण हुन्छ । यसको शुरुमा आदि भाग हुन्छ जसले शीर्षकको विषयलाई परिचित गराउँछ । आदिभन्दा पछाडिको भागमा विषयलाई विस्तार गरी शैलीअनुसार त्यसको विवेचना गरिन्छ (बराल र एटम, २०५८ : १६३) । अनुच्छेदको अन्त्यमा उपसंहार भाग हुन्छ जसमा निष्कर्ष व्यक्त गरिएको हुन्छ ।

यसरी माथि उल्लेखित विभिन्न विद्वानहरूका परिभाषाहरूलाई समेट्दा अनुच्छेद भन्नाले कुनै पनि विषय, अंश वा शीर्षकका बारेमा मौलिक रूपमा गरिने लिखित सिर्जनात्मक अभिव्यक्ति हो । यो दुई वा दुईभन्दा बढी वाक्यहरू मिली बनेको सङ्क्षिप्त संरचनात्मक भाषिक एकाइ हो । यसको प्रमुख विशेषता भन्नु नै अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै हो । यो तोकिएको शीर्षकको भाषिक संरचनालाई एक प्रवाहमा फैलाउने, अर्थ्याउने, सङ्क्षिप्त विस्तार हुने आफैँमा अर्थपूर्ण मौलिक कार्यकलाप भएकाले यसको आकार, विद्यार्थीहरूको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ ।

अनुच्छेदलेखनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(१) वाक्यभन्दा माथिल्लो एकाइ,

(२) कुनै विषयमा एकरूपतापूर्वक गरिने वर्णन,

(३) लेखनकला विकासको महत्त्वपूर्ण र आधारभूत कार्यकलाप

(४) संयमित उडानको कला,

(५) विचारलाई सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम

(६) संक्षिप्त रूपले आदि, मध्य र अन्त्यको तारतम्य मिलेको रचना

(७) कुनै लेख वा रचनाको एक खण्ड

## २.४ अनुच्छेदलेखनको प्रयोजन

भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइमध्ये लेखन सिपलाई सबैभन्दा स्तरीय, उत्कृष्ट स्थायी सिपको रूपमा मानिन्छ । अनुच्छेदलेखन लेखाइ सिप विकासको आधार हो । यसले सबै प्रकारका निबन्धनात्मक, आख्यानात्मक र विश्लेषणात्मक आदि लेखनगत प्रस्तुतीलाई मूल रूपमा सहयोग पुऱ्याउँछ । लेखन सिपको विभिन्न कार्यकलापहरू हुन्छन् । लेखन सिपसँग सम्बन्धित कार्यकलापहरू निबन्ध, कथा, चिठी, प्रतिवेदन आदि लेखनको महत्त्वपूर्ण आधार अनुच्छेदलेखन हो । लेखाइ भनेको अभिव्यक्तिको प्रौढ र परिपक्क रूप भएकाले यो अन्तरआत्ममा अन्तर्निहित कुराहरूलाई व्यक्त गर्दै विविध घटना तथा पक्षलाई लिपिबद्ध गर्ने माध्यम पनि हो । यसले कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन मनन गर्ने, लेखाइमा शुद्धता, स्तरीयता ल्याउन सहयोग पुऱ्याउँछ साथ साथै यसले व्याकरणात्मक र वर्णविन्यासगत त्रुटिहरूको निराकरण गर्न र विद्यार्थीहरूमा मौलिक र सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । अनुच्छेदलेखनबाट कुनै पनि विषय शीर्षकको सन्दर्भमा स्वतन्त्र रूपले चिन्तन मनन गर्ने सन्दर्भ नछुट्याई शृङ्खलाबद्ध रूपमा छोटो तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्दछ ।

अनुच्छेदलेखनले कुनै विषयको सन्दर्भमा स्वतन्त्र रूपमा चिन्तन मनन गर्ने क्षमताको विकास गराउनु यसका माध्यमबाट साहित्यका विविध विधाको लेखनमा उपयोगी आधार प्रदान गर्नु, विद्यार्थीहरूमा मौलिक तथा सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्नु, अनुच्छेलेखनबाट लेखाइमा शुद्धता, स्पष्टता र स्तरीयता ल्याउन सहयोग गर्नु, अनुच्छेदलेखन अभ्यासका माध्यमबाट स्तरीय तरिकाले विविध किसिमका अभिव्यक्ति, शैली, विविध प्रकारका लेख्य सिप क्षमताको विकामा टेवा पुऱ्याउँछ । व्याकरणात्मक र वर्णविन्यासगत त्रुटिको निराकरणमा सहयोग पुऱ्याउँछ ।

तसर्थ अनुच्छेदलेखन एउटा कलाको माध्यम हो । यसबाट विद्यार्थीहरूमा मौलिक र स्वतन्त्र चिन्तनको स्तरीय लेखाइ सिप विकासमा दरिलो खम्बाको रूपमा काम गर्दछ । यसले

विविध विषयमा स्तरीय अभिव्यक्ति साथ साथै शिल्पको समेत विकास गर्नमा सहयोग गर्दछ (बराल, २०५८ : १३) ।

## २.५ अनुच्छेदलेखनको ढाँचा

अनुच्छेदलेखनका आफ्नै ढाँचा वा संरचना हुन्छ । सामान्यता अनुच्छेद आदि, मध्य र अन्त्य गरी तिन भागमा संरचति हुन्छ जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

### २.५.१ आदि भाग (प्रारम्भिक भाग)

यो अनुच्छेदको लेखनको प्रारम्भ भाग हो । यसलाई शीर्षक वाक्य पनि भनिन्छ । शीर्षक वाक्यमा विषयसँग सम्बद्ध मूल बुँदा हुन्छ (शर्मा र पौडेल, २०६८: ११५) । यसमा शीर्षकको मूल भाग वा विचारलाई छोटो, मिठो र प्रभावोत्पादक ढङ्गमा प्रस्तुत गर्नुपर्दछ । शीर्षक वाक्यलाई अनुच्छेदको भूमिका वा विषय प्रवेश भनिन्छ । यसले अनुच्छेदको बोधमा सहयोग पुऱ्याउँछ । यस किसिमको वाक्यले समग्र अनुच्छेदलाई नियन्त्रित पनि गर्दछ ।

### २.५.२ मध्य भाग

शीर्ष वाक्यपछिका भागलाई अनुच्छेदको मुख्य भाग भनिन्छ । यसमा शीर्ष वाक्यमा सहयोगी वाक्यहरूको प्रयोग भएको हुन्छ । शीर्ष वाक्यले सामान्य विचार मात्र प्रस्तुत गरेको हुन्छ भने उक्त विचारलाई स्पष्ट पार्न त्यसको विस्तार आवश्यक हुन्छ । यस भागमा आवश्यकता अनुसार थुप्रै वाक्यहरू रहन सक्छन् तर शीर्ष वाक्यमा प्रस्तुत विचारको अपेक्षित दायाभन्दा बाहिर जाँदैनन् । यसमा शीर्षक वाक्य वा नियन्त्रित विचारमाथि छलफल, तथ्य, तर्कवितर्क, आलोचना वा समीक्षा व्याख्या, विश्लेषण, उदाहरण तथा अन्य सूचना प्रस्तुत गरिएको हुन्छ । शीर्ष वाक्य वा नियन्त्रित विचारको समर्थन र विस्तारसम्बन्धी विस्तृत सूचना यही मुख्य भागमा आउँछ । यस मुख्य भागले नै वास्तविक अनुच्छेदको रूप निर्धारण गरेको हुन्छ यो अनुच्छेदको केन्द्रीय भाग हो । (गौतम र अन्य, २०७१ : ९१)

### २.५.३ अन्त्य भाग

यसलाई अनुच्छेदको निष्कर्ष वा सारांश खण्ड पनि भन्न सकिन्छ । यस खण्डमा अनुच्छेदमा दिइएका समग्र सूचना वा विचारहरूका बिचको सम्बन्ध कायम गरिएको हुन्छ । पहिलो र दोस्रो भागमा अभिव्यक्ति विचारको पुनस्थापना तथा पुनसबलीकरण गरिएको हुन्छ । यो प्रक्रिया लेखकको तर्कपूर्ण विचारको समग्र संश्लेषणका रूपमा रहेको हुन्छ ।

अनुच्छेदमा उल्लेख गरिएका विचारहरू महत्त्वपूर्ण र उल्लेखनीय छन् भन्ने विषयमा संक्षिप्त दिशानिर्देशन पनि गरिएको हुन्छ । अन्तिम भागमा सारांश मात्र होइन यसमा शीर्षक तथा सारकथनको महत्त्व समेत उल्लेख गरिएको हुन्छ (भण्डारी, २०७४: १८) ।

## २.६ अनुच्छेदलेखनको प्रकार

कुनै पनि विषय प्रसङ्ग सन्दर्भ जातजाति, वस्तु, घटना, स्थान जस्ता कुराहरूका आ-आफ्नै ढङ्ग ढाँचा अर्थात् आकार-प्रकार हुन्छन् । त्यस्तै लेखन सिपसँग सम्बन्धित अनुच्छेदल लेखनका पनि विभिन्न प्रकारहरू रहेको पाइन्छ । अनुच्छेदलेखनका प्रकारलाई पनि शैलीका आधारमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

### २.६.१ आत्मपरक अनुच्छेद

निश्चित विषय वा शीर्षकमा आफ्ना विचार एवम् भावनालाई म, हामी, आफू आदि सर्वनामका माध्यमबाट लेखकीय व्यक्तित्वले भरिएको आत्मनिष्ट अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ अर्थात् प्रथम पुरुष र शैलीमा लेखिएको अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ । आत्मपरक अनुच्छेद आत्मगत ढङ्गमा लेखिन्छ ।

### २.६.२ वस्तुपरक अनुच्छेद

विषयवस्तुलाई सुस्पष्ट पार्न तयार पारिएको क्रमबद्ध वर्णनलाई वस्तुपरक अनुच्छेद भनिन्छ । कुनै निश्चित शीर्षकलाई अनुच्छेदलेखनको विषय बनाई त्यसैसँग सम्बन्धित वास्तविक सत्य तथ्य कुराहरूको वर्णन गरी लेखिने अनुच्छेद वस्तुपरक अनुच्छेद हो । यसमा शीर्षकलाई केन्द्रविन्दु बनाएर वर्णनात्मक शैलीमा त्यसको व्याख्या गरिएको हुन्छ । यसमा भाव वा विचारलाई त्यति महत्त्व दिइदैन । यसमा कुनै पनि ज्ञान वा सूचना सञ्चार गर्ने उद्देश्य राखेर सिलसिलाबद्ध ढङ्गले विषयको शीर्षक वर्णन गरिन्छ ।

### २.६.३ आख्यानात्मक अनुच्छेद

कुनै विषय शीर्षकका दिइएका घटना क्रममा बुँदाहरू जोडी घटनाको सिलसिलमा मिलाएको वा कुनै विषय शीर्षकमा घटनाको आख्यानात्मक कल्पना गरी कथात्मक वर्णन गरिएको आख्यानले युक्त अभिव्यक्तिलाई नै आख्यानात्मक अनुच्छेद भनिन्छ । यो कथात्मक शृङ्खलाले भरिएको अनुच्छेद हो जसमा घटना र चरित्रलाई क्रमबद्ध ढङ्गले जोडेर कथाका रूपमा अनुच्छेद प्रस्तुत गरिन्छ ।

### २.६.४ तार्किक अनुच्छेद

तर्कपूर्ण विषयको प्रतिपादनका उद्देश्यले लेखिएका अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ (भण्डारी र अन्य, २०६५: १६९) । यस्ता अनुच्छेदहरू तर्कलाई पुष्टि गरी रचिएको अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ (ज्ञवाली र भट्टराई, २०६४) । कुनै विषय शीर्षकको कुनै एक पक्षमा पाठकलाई सहमत असहमत तुल्याउन तर्कहरू प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । जसअन्तर्गत लेखाइमा लामा वाक्यहरूका साथ प्रचुर विशेषता र बौद्धिकताले भरिएको अलि कठिन भइकन गहकिलो तथा विचारात्मक ओज गुणले भरिएको शैली प्रस्तुत यसमा कुनै विषयसँग सम्बन्धित तर्कलाई प्रमाणित गरी एक अनुच्छेद लेखिन्छ ।

### २.६.५ भावनात्मक अनुच्छेद

मनका भावनालाई केन्द्र बनाएर काल्पनिक रूपमा लेखिएको अनुच्छेदलाई भावपरक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदलाई भावमय वा भावात्मक अनुच्छेद पनि भनिन्छ । भावनात्मक अनुच्छेदमा कुनै विषय शीर्षकमा निहित अनुभवलाई आफ्ना भावनामा रङ्ग्याएर लेख प्रस्तुत गरिन्छ । जसअनुसार मनमा उब्जने तीव्र भावनालाई पोखेर काल्पनिक रूपमा अनुच्छेद लेख्ने कार्य गरिन्छ ।

### २.६.६ विश्लेषणात्मक अनुच्छेद

कुनै पनि विषयवस्तुको गहिराइमा पुगेर त्यसको सबल र दुर्वल पक्षलाई चिरफार र खोज तलास गरी तथ्यपूर्ण विषयको व्याख्या, वर्णन र विश्लेषणात्मक निष्कर्षतर्क उन्मुख भएको अनुच्छेदलाई विश्लेषणात्मक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदमा तथ्यलाई केन्द्र बनाएर केलाउने ढङ्गमा प्रस्तुत गरिन्छ । अर्थात् विषयसित सम्बन्धित तथ्यहरूलाई केलाएर निष्कर्ष निकालिएको अनुच्छेद विश्लेषणात्मक अनुच्छेद हो (बराल र एटम, २०५८ : १६३) ।

### २.६.७ आलङ्कारिक अनुच्छेद

शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरी काव्यात्मक सौन्दर्य झल्काइएको अनुच्छेदलाई आलङ्कारिक अनुच्छेद भनिन्छ (भण्डारी, २०६५: १७०) । कुनै पनि विषयवस्तुमा विभिन्न आलङ्कारिक शब्दहरूको प्रयोग गरी घुमाउरो तथा चोटिलो ढङ्गबाट प्रस्तुत गरिएको चमत्कारपूर्ण वर्णन तथा कथनले भरिपूर्ण अभिव्यक्तिलाई आलङ्कारिक अनुच्छेद भनिन्छ ।

### २.६.८ व्यङ्ग्यात्मक अनुच्छेद

राजनैतिक, सामाजिक, पौराणिक आदि विषयमा व्यङ्ग्य गरी लेखिएका अनुच्छेदलाई व्यङ्ग्यात्मक अनुच्छेद भनिन्छ (भण्डारी, २०६५: १७०) । अर्थात् कुनै विषयवस्तुमा केन्द्रित रहेर अभिव्यक्ति भएको विचारलाई घुमाउरो पाराले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको अनुच्छेदलाई व्यङ्ग्यात्मक अनुच्छेद भनिन्छ ।

यसरी विविध शैली र अभिव्यक्तिका आधारमा विभिन्न अनुच्छेद लेखिन्छ । अनुच्छेदलेखनमा कुनै विषय शीर्षकबारे अनेक सुसम्बद्ध वाक्यको रचना गरिन्छ । यसले लेखनकलाको विकासमा विद्यालयको तल्लो तहदेखि उच्च शिक्षासम्म भाषाको निखारता, प्रौढता तथा मानकता प्रदान गर्न प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

## २.७ अनुच्छेदलेखनका तरिका

जुनसुकै कुरा पनि ख्याल नगरी लेखिएमा लेखाइलाई पूर्णता प्रदान नभई लेखन क्रम भङ्ग नहोस् भन्नका लागि अनुच्छेदलेखनका क्रममा सर्वप्रथम प्रस्तुत शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई राम्रोसँग ठम्याउन र सम्बन्धित बुँदाहरू सम्झने वा लेख्ने गर्नुपर्दछ । सम्बन्धित बुँदाहरू लेखन कार्यपछि सङ्कलन गरिएको बुँदाहरूलाई आदि, मध्य र अन्त्य कहाँ राख्ने हो निश्चित गरी सबैभन्दा माथि राखेर केवल एक अनुच्छेद मात्र लेख्नु अनुच्छेदलेखनका क्रममा निर्देशित शैलीलाई अपनाई लेखनलाई क्रमबद्ध बनाउने प्रयास गर्नु पर्दछ । अनुच्छेदलेखनका तरिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) अनुच्छेदलेखनका लागि दिइएको शीर्षक राम्ररी बुझ्ने र त्यससँग सम्बन्धित महत्त्वपूर्ण बुँदाहरू टिप्ने,

ख) टिपिएका बुँदाहरूलाई आदि, मध्य र अन्त्यको क्रममा मिलाई राख्ने,

ग) आत्मपरक, वस्तुपरक, वर्णनात्मक, भावपरक आदि मध्ये कुनै एउटा शैलीलाई अगाल्ने,

घ) अनुच्छेदका सिरानमा उपयुक्त शीर्षक राख्ने,

ङ) एउटा अनुच्छेदमा एउटा कुरा वा भनाइलाई पूर्ण रूपमा अभिव्यक्त गर्ने,

## २.८ अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुराहरू

जुनसुकै कुरा पनि ख्याल नगरी लेखिएमा लेखाइलाई पूर्णता नभई लेखन क्रमसँग हुन जान्छ । तसर्थ अनुच्छेदलेखन कार्यमा गडबढी नहोस् भन्नका लागि विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । सर्वप्रथम अनुच्छेद लेख्दा शीर्षकको बारेमा मनन गरी शीर्षकसम्बन्धी विभिन्न बुँदा चयन गर्ने, शीर्षक चयन गरी बुँदा तयार पारेपछि सम्बन्धित बुँदाहरूलाई आदि, मध्य र अन्त्य कुन भागमा राख्ने हो निश्चित गर्ने त्यसपछि विषय प्रस्तुतीकरणका लागि उपयुक्त शैली चयन गर्ने, चयन गरिएको विषयवस्तुलाई निर्धारित शैलीअनुरूप विस्तार गर्ने, परिष्कार र परिमार्जन गरी साफी लेखन गर्ने ।

अनुच्छेदमा प्रस्तुत गरिएका आफ्ना तर्कले कुन कुरालाई सङ्केत गरेका छन् भन्ने कुराको निर्क्योल गर्नुपर्दछ । किन आफ्ना तर्कलाई पाठकले वास्ता गर्नुपर्ने र सम्बन्धित विषयमा छलफल गर्नका लागि आफ्ना तर्कले कुन-कुन कुरा थप गरेको छ । त्यसलाई ध्यान दिनु पर्दछ (गौतम, २०७१: ९१) । आफ्ना तर्कको प्राप्ति के हो ? र सीमा के हो ? प्राप्तिलाई कसरी ठोस रूपमा निचोडका रूपमा र सीमालाई कसरी भावी अध्ययनमा समावेश गर्न सकिन्छ । के यस कुरामाथि ख्याल गरिएको छ ? यसलाई ख्याल गर्नु पर्दछ । निष्कर्षका रूपमा आएको अनुच्छेदको अन्तिम वाक्य शीर्षवाक्य शुरुको बुँदासँग तार्किक रूपमा संगत छ वा छैन अनुच्छेदको निष्कर्ष भागमा शीर्ष वाक्य र मुख्य भागमा उल्लेख नभएको विचार माथि प्रकाश पार्ने कुनै वाक्य छन् । यदि छन् भने के कस्ता वाक्यहरू आगामी अनुच्छेदको विषयका सङ्केतका रूपमा रहेका छन् ? के ती असम्बद्ध छैनन् ? निष्कर्षको विचारले केही फरक रूपमा अनुच्छेद पुष्टि गरेको छ ? आदिलाई ध्यान दिनुपर्दछ ।

साहित्य विविध विधा सिर्जना गर्ने प्रारम्भिक जग निर्माणका रूपमा अनुच्छेदलेखन अति नै उपयोगी हुने गर्दछ । यसले लेखन सिप, शैली क्षमता बढाउनुका साथै विद्यार्थीहरूलाई प्रश्नोत्तर, सप्रसङ्ग, व्याख्या, समीक्षा, प्रबन्ध, निबन्ध, कथा, चिठी, दैनिकी, प्रतिवेदन लेखनमा मद्दत गर्दछ । भाषिक अभिव्यक्तिलाई सिलसिलाबद्ध तरिकाले प्रस्तुत गर्दै स्वतन्त्र एवम् मौलिक चिन्तन गर्न र भाषाको शुद्ध प्रस्तुतिमा सहयोग पुऱ्याउने भएकाले अनुच्छेद लेख्दा विभिन्न पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ।

## २.९ अनुच्छेदलेखनको विधि र तरिका

अनुच्छेदलेखन कार्यमा विभिन्न किसिमका तरिका वा विधिहरू अपनाउन सकिन्छ । अनुच्छेद लेख्दा कुन विधि अपनाएर कसरी लेख्ने भन्ने कुरा जानकारी भएमा सही र सफल रूपमा अनुच्छेदलेखन सकिन्छ । अनुच्छेदलेखन कार्य निर्देशित र अनिर्देशित वा स्वतन्त्र दुवै रूपमा गराउन सकिन्छ (सिग्देल, २०७२: २०) । यसका लागि शिक्षकले अनुच्छेदलेखनसम्बन्धी धेरै अभ्यास विद्यार्थीहरूमा गराउनु पर्छ । विद्यार्थीहरूको रुचि, उमेर, क्षमता, स्तर आदिलाई अध्ययन गरी कुनै शीर्षक दिइ निश्चित समयमा एक अनुच्छेदलेखन कार्य गराउन सकिन्छ । अनुच्छेदलेखनका लागि शीर्षकबारे राम्ररी सोच विचार गर्ने र आवश्यक बुँदा सम्झन लगाउनु पर्छ र बुँदाहरूको चयन गर्नुपर्दछ । छनोट गरिएका बुँदाहरूलाई टिपोट गरी शीर्षकसँग दाँजेर हेर्नुपर्दछ । ती बुँदाहरूको विवरण आदि, मध्य र अन्त्य भागमा बाँडिनु, संगठित बुँदाहरू आत्मपरक, वस्तुपरक कुन आकार/प्रकारमा लेख्नु छ त्यस प्रकारमा बुँदा, पिच्छे एक-एक वाक्य लेखी खेस्रा तयार गर्नुपर्दछ । खेस्राको संशोधन र परिमार्जन गरी क्रमबद्धता पनि मिलाउने र शुद्ध, स्पष्ट र प्रभावकारी भाषाको प्रयोग गरी परिष्कार गर्ने र अन्तिम रूपको साफी तयार गर्नु पर्दछ । यी विविध किमिमका विधि र प्रक्रियाहरू प्रयोग गरी अनुच्छेद लेख्दा स्पष्ट, प्रभावकारी अनुच्छेदलेखन सकिन्छ ।

अनुच्छेदलेखनका क्रममा सुरुमा नमुनाहरू दिनुपर्दछ । त्यसपछि कुनै शीर्षक दिई छलफलद्वारा अनुच्छेद पुरा गरी देखाई दिनुपर्दछ अनि कक्षा कार्यकलापका रूपमा विभिन्न शीर्षक तथा शैलीका अनुच्छेदलेखनको अभ्यास गराउनु पर्दछ । अनुच्छेदलेखनका निश्चित नियम हुन्छन् । बुँदाहरूलाई आदि, मध्य र अन्त्यको कुशल संयोजन गर्नुपर्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ । शिक्षकले विद्यार्थीका रुचि, आवश्यकता, उमेर, क्षमता आदिलाई ख्याल गरी कुनै एउटा विषय शीर्षक दिई निश्चित समयमा एक अनुच्छेद लेख्न लगाउनु पर्दछ । यसरी विद्यालय तहमा अनुच्छेदलेखन गराउन सकिन्छ ।

## २.१० अनुच्छेदलेखनका विशेषताहरू

- सामान्यतया अनुच्छेद रचनाका प्रारम्भ मुख्य र निष्कर्ष भाग हुने,
- अनुच्छेदलेखन निर्देशित र अनुकृत प्रकृतिको हुने,
- अभिव्यक्तिको माथिल्लो एकाइ अनुच्छेद हो ।

- कुनै वस्तु, घटना, दृश्य वा अनुभवसँग सम्बन्धित विषय शीर्षक दिइ त्यसका बारेमा एक अनुच्छेदलेखन लगाउनुलाई नै अनुच्छेदलेखन भनिन्छ ।
- खास विचारहरूको शृङ्खलाबद्ध र पारस्परिक सापेक्षतामा अभिव्यक्त विभिन्न स-साना वाक्यहरूको सुसङ्गठित एकाइगत संक्षिप्त भाषिक गद्यरचना नै अनुच्छेदलेखन हो (अधिकारी, २०६१: १२५) ।
- अनुच्छेदलेखनमा कुनै विषय शीर्षकबारे अनेक सुसम्बद्ध वाक्यको रचना गरिन्छ ।
- छिटो, छरितो, गद्यात्मक लेखन जसमा अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता हुने,

विशेषता भन्नाले कुनै पनि वस्तु वा विषयको दोष वा प्रकार बुझाउँछ । कुनै पनि औचित्य हुँदैन । अतः अनुच्छेदलेखन गर्दा विभिन्न किसिमका विशेषताको आवश्यकता पर्दछ । अनुच्छेदमा क्रमबद्धता हुनु पर्दछ । अनुच्छेदमा पूर्णता हुनुपर्दछ । अनुच्छेद विषय शीर्षक सुहाउँदो हुनुपर्दछ । अनुच्छेदमा आदि, मध्य र अन्त्यको तारतम्य मिलेको हुनुपर्दछ । अनुच्छेद स्पष्ट हुनु पर्दछ ।

## २.११ अनुच्छेदलेखनका चरण

अनुच्छेदलेखनका चरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### १) विषय शीर्षकको छनोट

सबैभन्दा पहिला विषयको छनोट गर्ने र विषयहरू तोकिएका वा सीमित छन् भने तीमध्ये रुचि र ज्ञानको विषय छान्नु पर्दछ ।

### २) अभिव्यक्ति प्रकार र शैलीको निर्धारण

दिइएका विषय शीर्षक कुन अभिव्यक्ति प्रकारमा रहने हो, सोको निर्धारण गर्नुपर्दछ । विषयवस्तुको प्रकृति आफ्नो रुचि, क्षमता आदिका आधारमा कुनै एक अभिव्यक्तिको छनोट गर्नु उपयुक्त हुन्छ ।

### ३)    बुँदाटिपोट र बुँदाहरूको क्रम निर्धारण

कुनै पनि शीर्षकमा लेख्नु पर्ने अति आवश्यक कुराहरू नछुटुन् र नदोहोरिउन् भन्नका लागि उपयुक्त हुने मनमा आएका सम्पूर्ण बुँदाहरू सम्झनाका लागि बुँदाटिपोट गर्नुपर्दछ । टिपोट गरिएका बुँदाहरू कुन क्रममा (सुरु, मध्य र अन्त्य) लेख्ने भन्ने कुराको निधो गर्नु पर्दछ । बुँदाहरूको क्रम निर्धारण गरिसके पछि अनुच्छेदलेखनको ढाँचामा उक्त बुँदाहरूलाई ढालेर पनि अनुच्छेद लेख्ने योजना बनाउन सकिन्छ ।

### ४.    प्रारम्भिक लेखन (खेस्रा लेखन)

अनुच्छेदमा राखिएका विषयसम्बन्धी क्रम निर्धारण गरिएका बुँदाहरूमा केन्द्रित भई आरम्भ, विकास र अन्त्य मिलाएर अनुच्छेदको प्रारम्भ लेखन कार्य गर्नुपर्दछ ।

### ५.    अन्तिम लेखन (साफी लेखन)

प्रारम्भिक लेखनपश्चात् लेखनमा के कस्तो छ भनी परीक्षण गर्नुपर्दछ । भाषा शुद्धता छ छैन वाक्य-वाक्यका बिचमा पूर्वाधार सम्बन्ध छ छैन, त्यस्तै वाक्यगत विविधता रुचि पूर्णता छ छैन, आदि कुराहरूमा ध्यान दिई उपयुक्त आधार परिस्कार र परिमार्जन गरी पुनः लेखन वा साफी लेखन गरेर अनुच्छेदलेखनलाई अन्तिम रूप दिनुपर्दछ ।

## २.१२  लेखन सिप विकासमा अनुच्छेदलेखनको भूमिका

भाषाका सुनाइ, लेखाइ, बोलाइ, पढाइ र लेखाइ चार सिपमध्ये लेखाइ सिप उल्लेख्य सिपका रूपमा सर्वस्वीकार्य नै छ । लेखाइ अभिव्यक्तिको प्रौढ र परिपक्व रूप भएकाले यो आत्मामा रहेका मनका कुरा व्यक्त गर्दै उल्लेख्य घटना तथा अन्य पक्षलाई लिपिवद्ध गर्ने माध्यम हो । यसका लागि पनि अनुच्छेदलेखनले मलजल थप्ने कार्य गर्दछ । लेखाइ सिपको विकासका लागि अनुच्छेदलेखन अपरिहार्य हुन्छ । यसै क्रममा लेख्य भाषाको प्रस्तुतीकरण औपचारिक स्तरी एवम् शुद्ध लेखन सिपका सन्दर्भमा यस लेखनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायता पुऱ्याइरहेको हुन्छ ।

लेखाइको महत्त्व त्यतिबेला हुन्छ जतिबेला वक्ताले भुलेका कुरा श्रोताले सामुन्ने बसेर सुन्न सक्दैन । त्यस समयमा वक्ताका अभिव्यक्तिलाई लेखाइका माध्यमबाट लिपिबद्ध गरी सुरक्षित राख्नुपर्ने हुन्छ । त्यस्तै कुनै वक्ताले बोलेको कुरा सर्वसाधारणका लागि सम्बोध्य तथा सम्बोध्य व्यक्ति भएमा लेखाइको आवश्यकता टड्कारो रूपमा देखापर्दछ (लामिछाने, २०६२:

१०५) । विभिन्न विषयका अभिव्यक्तिहरूलाई प्रसङ्गअनुकुल भाषिक शैलीको छनोट गर्ने क्षमता विकास गर्नका साथै हिज्जे अनुच्छेदबद्धता जस्ता यावत् कुराहरू मिलाउन पनि लेखाइ सिप उपयोगी हुन्छ । आफ्ना अनुभूति, विचार भावनाको सम्फना र स्मृतिका लागि लेखाइ आवश्यक हुन्छ । लेखाइ सिपले फरक-फरक स्थानका विशेष भूमिका निर्वाह गरिरहने भएकोले लेखाइ, सिपको आवश्यकता र महत्त्व अग्रपङ्क्तिमा रहेको छ भन्दा अत्युक्ति नहोला ।

लेखन शिक्षण व्यावसायिक दृष्टिले महत्त्वपूर्ण छ लेखेर नै जीविका चलाउन कलमजीविहरूको सङ्ख्या शिक्षित क्षेत्रमा प्रशस्त बढ्दै गएको छ । अनुच्छेदलेखनमा पनि विभिन्न विषयवस्तुहरूलाई विषय शीर्षक बनाएर उल्लेख गर्न सकिन्छ । कुनै पनि सन्दर्भका वस्तु तथा चित्रवर्णन, अनुभव घटना तथा यात्रावर्णन, मनोवादलेखन, वादविवाद, प्रश्नोत्तर, चिठी वा निवेदन, दैनिकी, भाव विस्तार, व्याख्या, स्पष्टिकरण, सारांश, प्रतिवेदनलेखन लगायत कथा, निबन्ध, विभिन्न स्वतन्त्र र निर्देशितलेखन जस्ता विविध पक्षहरूको लेखन सिप विकासमा अनुच्छेदलेखनले सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्दछ । अनुच्छेदलेखनले रचनाअनुकूल प्रस्तुतीकरणको ढङ्ग ढाँचा, विचारको सिलसिलेवारता, वाक्यगठन, शीर्षक, उपशीर्षक चयनअनुरूप लेखन आदिका साथै भाषिक शुद्धताका पक्षमा समेत सहायता पुग्दछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

अनुसन्धान भन्नाले कुनै पनि विषयका बारेमा सुक्ष्मभन्दा सूक्ष्म रूपले खोजी गर्नु भन्ने बुझिन्छ । यसलाई अत्यन्तै जटिल कार्य मानिन्छ । अनुसन्धान कार्य औपचारिक तथा व्यवस्थित तरिकाले खोजी गर्नुपर्ने कार्य भएकाले सोही अनुसन्धान विषयसँग सम्बन्धित खास विधि तथा पद्धतिहरूको उपयोग गर्ने गरिएको पाइन्छ । अध्ययन विधिअन्तर्गत सामग्रीको स्रोत, सामग्री सङ्कलन गर्ने, उपकरणहरू र सङ्कलनका प्रक्रियाहरू पर्दछन् । कुनै पनि विषयको बारेमा अनुसन्धान गर्दा शुरुवातदेखि अन्त्यसम्म अपनाउने सामग्रीहरूको पूर्व योजनाका रूपमा व्यवस्थित गर्नु पर्दछ । तब मात्र उक्त अनुसन्धान बाधा अड्चन बिना सम्पन्न हुन्छ र अनुसन्धानका लागि उचित मार्गदर्शन हुन्छ ।

अनुसन्धानका लागि बनाइएको विस्तृत योजनालाई अनुसन्धानको ढाँचा भनिन्छ । जुनसुकै सिर्जना एवम् लेखनका आ-आफ्नै ढाँचा एवम् संरचना हुन्छ । त्यस्तै कुनै पनि विषयको बारेमा अध्ययन गर्नका लागि पनि विस्तृत योजना बनाउनु पर्दछ । योजना बिना अध्ययन अनुसन्धान सफल र पूर्ण बन्न सक्दैन । तसर्थ प्रस्तुत अध्ययनमा अनुच्छेदलेखन सिप क्षमताको अध्ययनको लागि मूल रूपमा स्थलगत अध्ययन विधि वा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । जसअन्तर्गत जनसङ्ख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागितामा अनुच्छेदलेखन कार्य गराई उक्त कार्यबाट आएको तथ्याङ्कलाई तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरेर स्तर क्षमता पहिचान गरिएको छ । विद्यालयका शिक्षक तथा विषय विशेषज्ञको सल्लाह सुझाव मनन गर्दै विभिन्न विधि र प्रक्रियाहरूको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको विधि

प्रस्तुत अध्ययन मूलतः स्थलगत अध्ययनमा आधारित छ । दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्न निम्नलिखित प्रक्रिया अबलम्बन गरिएको छ :

### ३.२.१ जनसङ्ख्या छनोट

प्रस्तुत अध्ययन अनुसन्धानका लागि २०७४ सालमा दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लागत र लगानी आदिका कारणले कक्षाका सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कनका लागि दाङ जिल्लाभित्रका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.२.२ प्रतिनिधि नमुना

अध्ययन अनुसन्धानको क्रममा सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन गर्न असम्भव तथा व्यावहारिक नहुने हुँदा यस अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भव भएसम्म उद्देश्य, वर्ग, छनोट, भाषिक पृष्ठभूमि आदि सम्बद्ध पक्ष तथा विधिहरूलाई अबलम्बन गरिएको छ । नमुना छनोटका लागि दाङ जिल्लाका लमही नगरपालिकाभित्रका १० वटा विद्यालयलाई छनोट गरिएको छ । जसमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरू रहेका छन् । उक्त छनोटमा परेका विद्यालयहरूमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट वर्ग, लिङ्ग, भाषिक पृष्ठभूमि भएका छात्र र छात्रा पर्ने गरी प्रत्येक विद्यलायबाट दश-दश जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयबाट ५० र संस्थागत विद्यालयबाट ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई छनोटको आधार बनाइएको छ । यसरी छनोट गर्दा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व रहोस् भन्ने अपेक्षा गरिएको छ ।

## ३.३ सामग्री सङ्कलन

क्षेत्रीय अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनका लागि सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत शोधपत्र मूलतः कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई दिइएको शीर्षक र प्राप्त तथ्याङ्कका आधारमा तयार पारिने भएकाले सर्वप्रथम अनुच्छेदलेखनको लागि शीर्षक तय गरिएको छ । अनुसन्धानलाई प्रामाणिक र विश्वसनीय बनाउन प्रयोग गरिने सामग्रीलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले सङ्कलन गरिएको छ । कुनै पनि अनुसन्धानको प्रकृतिअनुसार सामग्री निर्माण गरिनु पर्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नु रहेकाले सोहीअनुरूप सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनमा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी अध्ययनलाई विश्वसनीयता प्रदान गर्नका लागि प्राथमिक स्रोत र द्वितीयक स्रोत सामग्री निर्माण गरी अध्ययन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनका क्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा प्रतिनिधि विद्यालयका विद्यार्थी र उनीहरूले लेखेका सम्बन्धित 'मेरो देश' र 'दशैं' शीर्षकको अनुच्छेदलाई लिइएको छ । जसअन्तर्गत दाङ जिल्लाका लमही नगरपालिकाभित्रका पाँचवटा संस्थागत पाँचवटा सामुदायिक विद्यालय गरी जम्मा दशवटा विद्यालयका दश-दशजनाका दरले जम्मा १०० जना विद्यार्थीहरूमा प्रत्यक्ष सम्पर्क गरी 'मेरो देश' र 'दशैं' शीर्षक दिई अनुच्छेदलेखन कार्य गराइएको छ । उक्त विद्यार्थीहरूको उत्तर पुस्तिका सङ्कलन गरी प्राप्त परिणामलाई अध्ययन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

प्रस्तुत शोधकार्यमा अनुच्छेदलेखन क्षमताको अध्ययनका क्रममा यसभन्दा अगाडिका वर्षहरूमा अध्ययन गरिएका प्रकाशित र अप्रकाशित शोधपत्र, विभिन्न पाठ्यसामग्री, पाठ्यपुस्तक पत्रपत्रिका, सन्दर्भपुस्तकहरूलाई द्वितीयक सामग्री वा स्रोतको रूपमा लिइएको छ । साथै शोधकार्यलाई अगाडि बढाउन र अनुसन्धेय बनाउन सर्वप्रथम अनुच्छेदलेखनसम्बन्धी शीर्षक 'मेरो देश' र 'दशैं' शीर्षक छनोट गरी प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयहरूमध्येबाट श्री माध्यमिक विद्यालय फल्कापुरका दश जना विद्यार्थीलाई पूर्व परीक्षण गरी प्राप्त उत्तर पुस्तिकालाई प्रक्रियागत रूपमा जाँचेर आएको नतिजाअनुसार उक्त शीर्षकमा अनुच्छेदलेखन गराइएको छ । उसका साथै अध्ययन अनुसन्धानलाई सहजता बनाउनका लागि प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयका विषय शिक्षकहरूलाई अनुच्छेदलेखनसम्बन्धी प्रश्नावली दिई त्यसबाट प्राप्त नतिजालाई पनि यस अनुसन्धानमा राखेर अध्ययनका लागि आवश्यक सामग्री जुटाइएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनका लागि सामग्री निर्माण गर्ने क्रममा समसामयिक विषयसँग सम्बन्धित सामाजिक, मनोवैज्ञानिक शैक्षिक पक्षलाई ध्यानमा राखी शीर्षक चयन गरिएको छ । दाङ जिल्लाका लमही नगरपालिकाभित्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत

विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । साथै तोकिएका विद्यालयमा गई विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्न कक्षा सातको नेपाली विषयको पाठ्यक्रमसँग समानान्तर हुने गरी दुईवटा ‘मेरो देश’ र ‘दशैं’ शीर्षक चयन गरी अनुच्छेदलेखन गराइएको छ । साथै प्रभावकारी तथ्याङ्क सङ्कलनका लागि मापनमा स्पष्ट आधारहरू निर्माण गरिएको छ साथै विषय विशेषज्ञ र शोधनिर्देशकको सल्लाह र सुझाव समेटेर आवश्यक सामग्रीको निर्माण गरिएको छ ।

## ३.५ व्याख्या तथा विश्लेषण

अनुसन्धान कार्य एकल प्रयासबाट मात्र सम्भव हुन सक्दैन । यसका लागि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको पनि सहयोग लिन आवश्यक पर्दछ । त्यसैले अनुसन्धानलाई अघि बढाउनका लागि गुरुवर्गको सहयोग लिइएको छ । व्याख्या विश्लेषणका क्रममा प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण व्याख्या विश्लेषण गर्नका लागि प्रतिनिधि नमुना छनोट गरिएका विद्यार्थीहरूको दक्षता सिप कौशलता पहिचानका लागि प्राप्ताङ्कलाई विभिन्न तरिकाबाट अध्ययन गरिएको छ । जसअन्तर्गत विद्यार्थीहरूको अनुच्छेदलेखन सिपसम्बन्धी विषयवस्तु संयोजन प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता पक्षमा केन्द्रित रहेर भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा अध्ययन गरी उक्त उत्तर पुस्तिकाबाट आएको परीक्षणलाई मध्यमान, मानक विचलन तालिकीकरण मध्यमान $\overline{X} = X/N$ लगाएर उक्त अङ्कलाई प्रतिशतमा निकालेर सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको मूल्याङ्कन गरिएको छ । विभिन्न विद्यालयका नेपाली विषय शिक्षकहरूको सहयोगमा पनि मूल्याङ्कनसम्बन्धी प्रश्नलाई पनि मूल्याङ्कन कार्यका रूपमा लिइएको छ ।

प्रस्तुत अध्ययनकै उपयोगमा आएका साङ्ख्यिकीय सुत्रहरू निम्नानुसार छन् :

**क) मध्यमान (mean) निकाल्न प्रयोग गरिएको सूत्र**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

यहाँ,

$\overline{X}$ = मध्यमान

$\Sigma X$ = प्राप्ताङ्कको कुल योगफल

N = जम्मा सङ्ख्या

X = ले तथ्याङ्कलाई जनाउँदछ (चल)

**ख) मानक विचलन (Standard deveation) गणना गर्दा प्रयोगमा आएको सूत्र**

$$\sigma = \sqrt{\frac{\Sigma fx^2}{N}}$$

यहाँ,

σ = मानक विचलन

x = तथ्याङ्क

Σ = जोड/योगफल

f = बारम्बारता /विद्यार्थीको आवृत्ति

N = बारम्बारताको योग/जम्मा सङ्ख्या

**ग) प्रतिशताङ्क (Perecentile) श्रेणी गणना गर्न उपयोगमा आएको सूत्र**

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

T = s'n विद्यार्थी सङ्ख्या

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क

विभिन्न शिक्षकहरूसँग अनुच्छेदलेखनसँग सम्बन्धित प्रश्नावली राख्ने सिलसिलमा धेरैजसो विचारहरू समान देखिन्छन् । उनीहरूले यस बारेमा आफूले जानेका बुझेका साथै अध्ययन अध्यापनका क्रममा अनुभव गर्दै आएका विभिन्न कुरालाई अभिव्यक्ति गरी शोधकार्यमा टेवा पुऱ्याएका छन् । कुन पनि काम गर्ने सिलसिलामा सामान्यत त्रुटि वा गल्ती जो कोहीबाट पनि हुन सक्छ, त्यसैले गल्तीलाई सुधार गर्दै लैजानु उत्तम मानिन्छ । अनुच्छेदलेखनका क्रममा पनि विभिन्न किसिमका त्रुटिहरू हुने गर्दछन् । यस्ता त्रुटिहरू आफै वा शिक्षकले पत्ता लगाई सुधार गर्दै लैजानु पर्दछ । शिक्षकले दिएको सल्लाह सुझाव तथा

पृष्ठपोषणलाई आत्मसाथ गरी लेखनमा भएका त्रुटिहरूको निराकरण गर्ने प्रयास गर्नुपर्दछ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेदलेखनमा सक्षम गराउन विभिन्न किसिमका क्रियाकलाप सहभागी गराउनु पर्दछ । त्यस्तै विद्यालयमा समय-समयमा विभिन्न कार्यकलापको लेखन गराउन निबन्ध, कथा, वादविवाद, चिठी, सारांशलेखन जस्ता कार्यकलापहरूको लेखन गराउन सकिन्छ । उनीहरूको लेखन क्षमतामा विकास गर्नका लागि कक्षाकार्य, गृहकार्यका रूपमा पनि अनुच्छेदलेखन गराउन सकिन्छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति

प्रस्तुत अनुसन्धान कार्य निम्नमाध्यमिक तह कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन सिपसम्बन्धी ज्ञानको स्तरीयता, मौलिकता, सिर्जनात्मकता भाषिक सिप दक्षता र क्षमता पहिचान गर्न गरिएको छ । यस अध्ययनमा अघिल्लो अध्ययनमा गरिएको व्याख्या विश्लेषणका आधारमा प्राप्त गणितीय तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । व्यक्तिगत भिन्नता मानिसको स्वाभाविक विशेषता हो ।

हरेक मानिस एक अर्कोमा विभिन्न दृष्टिकोणमा भिन्न हुन्छ । सबै कार्यमा मानिस समान हुन सक्दैनन । कोही मानिस कुनै कार्यमा सक्षम हुन्छन् भने कुनै कार्य नजानेका पनि हुन सक्छन् । सबै कार्यमा मानिस समान नहुनु व्यक्तिगत विविधता हो । त्यसैगरी अनुच्छेदलेखनमा कुनै विद्यार्थी शब्द चयनमा सफल देखिन्छ भने कुनै विद्यार्थी वाक्यगठनमा त्यस्तै कुनै विद्यार्थी आदि मध्य र अध्ययनका क्रममा छात्र, छात्रा तथा सामुदायिक र संस्थागत विद्यालयका अनि नेपाली भाषी र दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरी त्यसको विश्लेषण गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ ।

प्रस्तुत अध्ययन उद्देश्य प्राप्तिका लागि दाङ जिल्लाको लमही नगरपालिका भित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । अध्ययनका क्रममा अनुच्छेदलेखनका लागि 'दशैँ' र मेरो 'देश' शीर्षक चयन गरी विद्यार्थीहरूलाई निश्चित र पूर्णाङ्क र समयमा अनुच्छेदलेखन लगाइएको छ । अध्ययनमा परेका विद्यालय र विद्यार्थीहरूको नामावली परिशिष्टमा राखिएको छ । खासगरी तथ्याङ्कीय अध्ययनलाई गणितीय तथ्याङ्क विधिबाट परिमाण निकाली व्याख्या गरिएको छ । त्यसैका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । तथ्याङ्कशास्त्रीय विश्लेषणको स्वरूपलाई अगाडि बढाइएको छ ।

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा जम्मा १०० जना विद्यार्थीहरूको नमुना छनोट गरी अध्ययन गरिएको छ । अध्ययनबाट समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशताङ्क स्थिति तलको तालिकामा देखाइएको छ ।

**प्रतिशताङ्कका आधारमा समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | सबै विद्यार्थीहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | विद्यार्थीहरूले प्राप्त गरेको अङ्कहरूको जोड | प्रतिशताङ्क |
|---|---|---|---|
| १०० | ५००० | २४५७ | ४९.१४ |

उपर्युक्त तालिकाको आधारमा समग्र विद्यार्थीको अनुच्छेदलेखन क्षमताको स्थिति हेर्दा १०० जना विद्यार्थीले ५००० पूर्णाङ्कमा २४५७ अर्थात् ४९.१४ प्रतिशत अङ्क प्राप्त गरे ।

**तालिका नं. १**

**समग्र विद्यार्थीको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ भन्दा कम | | ३२-४१ | | ४२-५१ | | ५२-६१ | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १२ | १२ | १७ | १७ | ३० | ३० | २४ | २४ | १७ | १७ |

उक्त तालिका २ को तथ्याङ्कअनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ जना अथवा १२ प्रतिशत रहेको छ । त्यस्तै ३२ प्रतिशतभन्दा माथि र ४१ प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ जना र प्रतिशत पनि १७ रहेको छ । ४२ प्रतिशतभन्दा माथि ५१ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३० अथवा ३० प्रतिशत रहेको छ । त्यसैगरी ५२ प्रतिशतभन्दा माथि र ६१ प्रतिशत रहेको छ । त्यसैगरी ५२ प्रतिशतभन्दा माथि र ६१ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २४ अर्थात् २४ प्रतिशत रहेको छ । त्यसैगरी यस अध्ययनमा उच्चतम श्रेणीका रूपमा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७ अर्थात् १७ प्रतिशत रहेको छ ।

माथिको तथ्याङ्कका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र सिपको विकासका लागि अनुच्छेदलेखन क्षमताको प्राप्ताङ्क हेर्दा मध्यम खालको वा सन्तोषजनक देखिन्छ ।

## ४.१ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको नमुना छनोट गरी अध्ययन गरिएको छ । अध्ययनबाट समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको मध्यमान र मानक विचलनको स्थिति तलको तालिकामा लेखाइएको छ :

**तालिका नं. २**

**मध्यमान र मानक विचलनका आधारमा अनुच्छेदलेखन क्षमतको स्थिति**

| प्राप्ताङ्क | बारम्बार (f) | मध्यविन्दु m | FM | d= (a-m) | fd | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|---|
| ५–९ | १ | ३.५ | ३.५ | २० | २० | ४०० | ४०० |
| १०–१४ | २ | ८.५ | १७ | १५ | ३० | ९०० | १८०० |
| १५–१९ | ११ | १३.५ | १४८.५ | १० | ११० | १२१०० | १३३१०० |
| २०–२४ | १६ | १८.५ | २९६ | ५ | ८० | ६४०० | १०२४०० |
| २५–२९ | २९ | २३.५ | ६८१.५ | ० | २९ | ८४१ | २४३८९ |
| ३०–३४ | २४ | २८.५ | ६८४ | –५ | –१२० | १४४०० | ३४५६० |
| ३५–३९ | ६ | ३३.५ | २०१ | –१० | –६० | ३६०० | २१६०० |
| ४०–४४ | ५ | ३८.५ | १९२.५ | –१५ | –७५ | ५६२५ | २८१२५ |
| ४५–४९ | ६ | ४३.५ | २६१ | –२० | –१२० | १४४० | ८६४०० |
| | $\Sigma f$ = १०० | | $\Sigma fm$ = २४२५ | | | | $\Sigma f^2$ = ७४३८१४ |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{२४८५}{१००} = २४.८५$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{७४३८१४}{१००}} = \sqrt{७४३८.१४} = ८६.२४$$

| कूल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| १०० | २४.८५ | ८६.२४ | ४७ | ४७ | ५३ | ५३ |

उल्लिखित तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको समग्र मध्यमान २४.८५ र मानक विचलन ८६.२४ कायम भएको पाइन्छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्धारण गरी हेर्दा कुल छनोटमा परेको नमुना जनसङ्ख्यामध्ये मध्यमानभन्दा माथि ५३ र तल ४७ प्रतिशत क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या देखिन्छ । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा तलका विद्यार्थीहरूको तुलनामा माथिको विद्यार्थीहरूको सङ्ख्या ६% बढी रहेको देखिन्छ । यो तथ्याङ्कले दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम खालको रहेको पाइन्छ ।

# अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ :

| कुल विद्यार्थी | सामुदायिक विद्यालयको विद्यार्थीहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| ५० | २५०० | ११.२१ | ४४.८४ |

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

**तालिका नं. ३**

**प्रतिशतका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | २० | १० | २० | १० | २० | १६ | ३२ | ४ | ८ |

प्रस्तुत तालिकाका आधारमा सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशत गणना गरी प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल ५० जना विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरिएको छ । उक्त तथ्याङ्क अनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७० जना । त्यस्तै ३२ भन्दा माथि र ४५ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० अथवा २०

प्रतिशत रहेको देखिन्छ । ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल वा कम अनुच्छेदलेख क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० अर्थात् २० प्रतिशत रहेको देखिन्छ । ५२ प्रतिशतभन्दा माथि ६१ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ अर्थात् ३२ प्रतिशत रहेको देखिन्छ भने त्यस्तै यस अध्ययनमा उच्चतम श्रेणीका रूपमा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना अथवा ८ प्रतिशत रहेको देखिन्छ ।

माथिको तथ्याङ्कका आधारमा कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र सिप विकासका लागि अनुच्छेदलेखन क्षमता मध्यम खालको पाइन्छ ।

### ५.१.१ मध्यमान र मानक विचलनका आधारमा

**तालिका ४**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २२.४० | ११.९६ | २४ | ४८ | २६ | ५२ |

प्रस्तुत तालिकामा दाङ जिल्लाका कक्षा सातबाट छनोटमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूको कुल सङ्ख्या ५० देखिएको छ भने समूहगत मध्यमान २२.४० र समूहगत मानक विचलन ११.९६ देखिएको छ । मध्यमानलाई आधारभन्दा मध्यमानभन्दा माथि ४८ प्रतिशत र तल ५२ प्रतिशत विद्यार्थीहरू अनुच्छेदलेखन क्षमता मापन गराउन सफल भएको तालिकाबाट देखिन्छ । यसरी मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा माथि र तलको भिन्नता १०.४४ देखिनु र मध्यमानभन्दा माथिको प्रतिशत थोरै हुनुले दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सामान्य नै रहेको देखिन्छ । मानक विचलनलाई आधार मानेर हेर्दा दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामक विचलन ११.९६ हुनुले उनीहरूले अनुच्छेदलेखन क्षमतामा विचलन खासै नरहेको पुष्टि हुन्छ ।

**तालिका नं. ५**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २६.८० | ७.५५ | २१ | ४२ | २९ | ५८ |

प्रस्तुत तालिकामा दाङ जिल्लाका कक्षा सातबाट छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरूको कुल सङ्ख्या ५० देखिएको छ भने समूहगत मध्यमान २६.८० र समूहगत मानक विचलन ७.५५ रहेको देखिएको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ४२ प्रतिशत र तल ५८ प्रतिशत विद्यार्थीहरू अनुच्छेदलेखन क्षमता मापन गराउन सफल भएको तथ्य तालिकाबाट देखिन्छ । यसरी मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा माथि र तलको भिन्नता १६ प्रतिशत देखिनु र मध्यमानभन्दा माथिको प्रतिशत कम हुनुले दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता प्रतिशतका आधारमा सामुदायिकको भन्दा राम्रो रहे पनि मध्यम खालको देखिन्छ । मानक विचलनलाई आधार बनाएर हेर्दा दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ७.५५ हुनुले उनीहरूको अनुच्छेदलेखन क्षमतामा विचलन खासै नरहेको पुष्टि हुन्छ ।

## सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति

| X | f | m | d= (m-a) | $d^2$ | $fd^2$ | fm |
|---|---|---|---|---|---|---|
| ५-९ | ३ | ७ | -२० | ४०० | १२०० | २१ |
| १०-१४ | ४ | १२ | -१५ | २२५ | ९०० | ४८ |
| १५-१९ | १२ | १७ | -१० | १०० | १२०० | २०४ |
| २०-२४ | ९ | २२ | -५ | २५ | २२५ | १९८ |
| २५-२९ | १७ | २७ | ० | ० | ० | ४५९ |
| ३०-३४ | २ | ३२ | ५ | २५ | २२५ | ६४ |
| ३५-३९ | १ | ३७ | १० | १०० | १०० | ३७ |
| ४०-४४ | १ | ४२ | १५ | २२५ | २२५ | ४२ |
| ४५-४९ | १ | ४७ | २० | ४०० | ४०० | ४७ |
| | ΣN= ५० | | | | $\Sigma fd^2$= ७१५० | Σdm=११२० |

$$\bar{X} = \frac{\Sigma Fm}{N} = \frac{११२०}{५०} = २२.४$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{७१५०}{५०}} = \sqrt{१४३} = ११.९$$

सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन मध्यमान २२.४ रहेको छ भने मान विचलन ११.९ रहेको पाइन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूलाई अनुच्छेदलेखन कार्य गराई अध्ययन गरिएको छ। जसलाई निम्नानुसार देखाउन सकिन्छ।

**संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी | संस्थागत विद्यालयका सबै विद्यार्थीहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| ५० | २५०० | १३३६ | ५३.४४ |

संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई २५०० कुल पूर्णाङ्क कायम गरिएको छ। यसमा विद्यार्थीहरूले १३३६ कुल प्राप्ताङ्क प्राप्त गरेका छन र यो तथ्याङ्कीय प्राप्ताङ्कको आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको कुल प्रतिशताङ्क ५३.४४ रहेको छ।

**तालिका नं. ६**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २ | ४ | ७ | १४ | २० | ४० | ८ | १६ | १३ | २६ |

माथिको तालिकाको आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता प्रतिशतका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरिएको छ। उक्त तथ्याङ्कअनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ अथवा ४ प्रतिशत रहेको पाइन्छ। त्यस्तै ३२ प्रतिशतभन्दा माथि ४२ प्रतिशतभन्दा तल

अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत रहेको देखिन्छ । ४२ प्रतिशतभन्दा माथि र ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० रहेको छ अर्थात् ४० प्रतिशत रहेको छ । त्यसैगरी ५२ देखि माथि ६२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत १६ रहेको छ भने उच्चतम श्रेणीका रूपमा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ छ भने २६ प्रतिशत रहेको छ । माथिको तालिकाको आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम खालको रहेको छ । यहाँ ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल धेरै विद्यार्थीको प्राप्त गरेका छन् ।

**संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अनुच्छेदलेखन क्षमता**

| X | f | m | fm | d= (m-a) | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| ५-९ | ० | ७ | ० | -२० | ४०० | ० |
| १०-१४ | १ | १२ | १२ | -१५ | २२५ | २२५ |
| १५-१९ | ५ | १७ | ८५ | -१० | १०० | ५०० |
| २०-२४ | १९ | २२ | ४१८ | -५ | २५ | ४७५ |
| २५-२९ | ९ | २७ | २४३ | ० | ० | ० |
| ३०-३४ | ६ | ३२ | १९२ | ५ | २५ | १५० |
| ३५-३९ | ६ | ३७ | २२२ | १० | १०० | ६०० |
| ४०-४४ | ४ | ४२ | १६८ | १५ | २२५ | ९०० |
| ४५-४९ | ० | ४७ | ० | २० | ४०० | ० |
| | ΣN= ५० | | Σfm= १३४० | | | Σdm=२८५० |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{१३४०}{५०} = २६.८०$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{२८५०}{५०}} = \sqrt{५७} = ७.५५$$

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक स्थिति

**तालिका नं. ७**

**प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक स्थिति**


| तुलनात्मक समूह | सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत | समग्र प्रतिशत | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|---|---|---|
| संस्थागत विद्यालय | ५० | १३३६ | ५३.४४ | ४९.१४ | २६.८० | २४.६० | ७.५५ | ८.४६ |
| सामुदायिक विद्यालय | ५० | ११२१ | ४४.८४ | | २२.४० | | ११.९६ | |

उल्लिखित तालिकामा विद्यालयको प्रकृतिका दृष्टिले अनुच्छेदलेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अनुच्छेदलेखनका क्रममा पूर्णाङ्क ५० कायम गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको कुल प्राप्ताङ्क ११२१ मा ४४.८४ प्रतिशत रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको कुल प्राप्ताङ्क १३३६ वा ५३.४४ प्रतिशत अङ्क प्राप्त गर्न सफल भएका छन् । समग्र विद्यार्थीहरूको २४५७ मा कुल प्रतिशत ४९.१४ रहेको छ ।

सामुदायिक विद्यालयको समूहगत मध्यमान २२.४ र संस्थागतको २६.८० कायम भएको तालिकाले देखाएको छ । उल्लिखित तालिकामा समग्र मध्यमान २४.६० रहेको छ । मानक विचलन हेर्दा सामुदायिक विद्यालयको ११.९ रहेको छ भने संस्थागत विद्यालयको ७.५५ कायम रहेको छ भने समग्र मानक विचलन ८.४६ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको ५३.४४ प्रतिशत समग्र प्रतिशतभन्दा ४३% ले बढी रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको ४४.८४ प्रतिशत प्राप्ताङ्क समग्र प्रतिशतभन्दा ४.३ प्रतिशतले कम रहेको छ । यसका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले अनुच्छेदलेखन क्षमता संस्थागत संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सामुदायिक विद्यालयको भन्दा ८.७ प्रतिशतले बढी छ ।

विद्यालयका विद्यार्थीहरूको भन्दा कम रहेको पाइन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको कुल मध्यमान २६.८० रहेको छ  जुन समग्र मध्यमानभन्दा २.२ ले बढी रहेको छ भने सामुदायिक विद्यालयको विद्यार्थीहरूको कुल मध्यमान २२.४ रहेको छ जुन समग्र मध्यमानभन्दा २.२ ले कमी छ । त्यसैगरी समूहगत मध्यमानको आधारमा संस्थागत विद्यालयको मध्यमान सामुदायिक विद्यालयको मध्यमानभन्दा ४.४ ले बढी हुन आउँछ । यसरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको मध्यमान बढी आएकाले संस्थागत विद्यालयको विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता तुलनात्मक रूपमा बढी रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

त्यसैगरी मानक विचलनका आधारमा संस्थागत विद्यालयको मानक विचलन ७.५५ रहेको तथ्य तालिकाबाट पुष्टि हुन्छ । संस्थागत विद्यालयको मानक विचलन समग्र मानक विचलनभन्दा ०.९१ प्रतिशते कमी देखिन्छ भने सामुदायिक विद्यालयको मानक विचलन ११.९ रहेको छ, जुन समग्र मानक विचलनभन्दा ३.४४ ले बढी रहेको छ । तालिकाअनुसार संस्थागत विद्यालयको मानक विचलनभन्दा सामुदायिक विद्यालयको मानक विचलन बढी रहेको पाइन्छ । त्यसैले अनुच्छेदलेखनमा सामुदायिक विद्यार्थीको अनुच्छेदलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता उच्च रहको पाइन्छ ।



# अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रमा लैङ्गिकताका आधारमा अनुच्छेदलेखन क्षमताको अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ६.१ छात्रहरूको अनुच्छेदलेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका लमही नगरपालिकाभित्रका १० वटा विद्यालयबाट ५० जना कक्षा सातमा अध्ययनरत छात्रहरूलाई अनुच्छेद लेखन कार्य गराएर अध्ययन गरिएको छ :

**समग्र छात्रहरूको अनुच्छेदलेखनको अवस्था**

| कूल छात्रहरूको सङ्ख्या | छात्रहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | सबै छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|
| ५० | २५०० | ११४६ | ४५.८४ |

छात्रहरूको सबै सिप विकासका लागि लिइएको कुल पूर्णाङ्कमा कुल प्राप्ताङ्क ११४६ लिएका छन् भने ४५.८४ प्रतिशत प्राप्त गरेका छन् ।

**तालिका नं. ८**

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ८ | १६ | ८ | १६ | १७ | ३४ | ११ | २२ | ६ | १२ |

प्रस्तुत तालिकाअनुसार वा तथ्याङ्कअनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ८ अथवा १६ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ३२

प्रतिशतभन्दा माथि र ४२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ८ वा ८ प्रतिशत रहेको छ । त्यसैगरी ४२ प्रतिशतमाथि ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या १७ अथवा ३४ प्रतिशत रहेको छ । त्यसैगरी ५२ प्रतिशतभन्दा माथि ६३ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या वा छात्रहरूको सङ्ख्या ११ अथवा २२ प्रतिशत रहेको छ भने अध्ययनमा उच्चतम श्रेणीका रूपमा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ वा १२ प्रतिशत रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आाधारमा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको स्थिति**

| X | f | m | fm | d= (m-a) | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| ५-९ | ३ | ७ | २१ | -२० | ४०० | १२०० |
| १०-१४ | ४ | १२ | ४८ | -१५ | २२५ | ९०० |
| १५-१९ | ८ | १७ | १३६ | -१० | १०० | ८०० |
| २०-२४ | १६ | २२ | ३५२ | -५ | २५ | ४०० |
| २५-२९ | १२ | २७ | ३२४ | ० | ० | ० |
| ३०-३४ | २ | ३२ | ६४ | ५ | २५ | ५० |
| ३५-३९ | ४ | ३७ | १४८ | १० | १०० | ४०० |
| ४०-४४ | ० | ४२ | ० | १५ | २२५ | ० |
| ४५-४९ | १ | ४७ | ४७ | २० | ४०० | ४०० |
| | ΣN= ५० | | Σfm= ११४० | | | Σdm=४१५० |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{११४०}{५०} = २२.८०$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{४१५०}{५०}} = \sqrt{८३} = ९.११$$

कूल छात्रहरूका मध्यमान २२.८० र मानक विचलन ९.११ रहेको पाइन्छ ।

## ६.२ छात्राहरूको अनुच्छेदलेखन क्षमताको स्थिति

दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा जम्मा १० वटा विद्यालयका ५० जना छात्रा विद्यार्थीहरूलाई 'मेरो देश' र 'दशैँ' शीर्षकमा अनुच्छेदलेखन कार्य गराई अध्ययन गरिएको छ जसलाई वा छात्राहरूले प्राप्त गरेको कुल प्राप्ताङ्क, प्रतिशत र मध्यमान र मानक विचलनको अवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**छात्रहरूको समग्र अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल छात्रहरूको सङ्ख्या | छात्रहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | सबै छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|
| ५० | २५०० | १३१२ | ५२.४८ |

छात्राहरूको अनुच्छेदलेखन सिप क्षमता पहिचान गर्न लिइएको कुल पूर्णाङ्क २५०० मा छात्राहरूको कुल प्राप्ताङ्क १३१२ आएको छ अथवा ५२.४८ प्रतिशत प्राप्त भएको छ ।

**तालिका नं. ९**

**प्रतिशतका आधारमा छात्राहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | ९ | १८ | १२ | २४ | १४ | २८ | ११ | १२ |

प्रस्तुत तालिकामा लैङ्गिकताका आधारमा समग्र छात्रा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशत गणना गरी प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल ५० जना छात्रा विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच

श्रेणीमा वर्गीकरण गरिएको छ । उक्त तथ्याङ्कअनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना अथवा ८ प्रतिशत ३२ प्रतिशतभन्दा माथि ४२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या ९ अथवा १८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या १२ अथवा २४ प्रतिशत रहेको छ भने ५२ प्रतिशतभन्दा माथि ७२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ अथवा २४ प्रतिशत रहेको पाइन्छ भने त्यस्तै यस अध्ययनमा उच्चतम श्रेणीका रुमपा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या ११ अथवा २२ प्रतिशत रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलन आधारमा छात्रा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| X | f | m | fm | d= (m-a) | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| ५-९ | ० | ७ | ० | -२० | ४०० | ० |
| १०-१४ | १ | १२ | १२ | -१५ | २२५ | २२५ |
| १५-१९ | ९ | १७ | १५३ | -१० | १०० | ९०० |
| २०-२४ | १२ | २२ | २६४ | -५ | २५ | ३०० |
| २५-२९ | १४ | २७ | ३८७ | ० | ० | ० |
| ३०-३४ | ६ | ३२ | १९२ | ५ | २५ | १५० |
| ३५-३९ | ३ | ३७ | १११ | १० | १०० | ३०० |
| ४०-४४ | ५ | ४२ | २१० | १५ | २२५ | ११२५ |
| ४५-४९ | ० | ४७ | ० | २० | ४०० | ० |
| | ΣN= ५० | | Σfm= १३२९ | | | $\Sigma fd^2$=३००० |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{१३२९}{५०} = २६.५८$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{३०००}{५०}} = \sqrt{६०} = ७.७५$$

## ६.३ छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति

तालिका नं. १०

**प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक स्थिति**


| तुलनात्मक समूह | सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|---|---|
| संस्थागत विद्यालय | ५० | ११४६ | ४९.१४ | २२.८० | २४.६० | ९.११ | ८.४६ |
| सामुदायिक विद्यालय | ५० | १३१२ | | २६.५८ | | ७.७५ | |

उल्लेखित तालिका लैङ्गिकताका दृष्टिले विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्न ५०/५० जना छात्र र छात्रालाई प्रतिनिधि नमुना वा सङ्ख्याको रूपमा चयन गरिएको छ । छात्रहरूको समूहगत मध्यमान २२.८० र छात्राहरूको २६.५८ कायम भएको तथ्याङ्क तालिकाले देखाएको छ । उल्लेखित तालिकामा समग्र मध्यमान २४.६० रहेको छ । मानक विचलनतर्फ हेर्दा छात्रहरूको समग्र मानक विचलन ९.११ र छात्राहरूको ७.७५ रहेको छ । समग्र मध्यमानलाई केन्द्र मानी विश्लेषण गर्दा छात्रहरूको २२.८० रहेको तथ्य तालिकाले देखाएको छ । जुन समग्र मध्यमानभन्दा १.८ ले कमी रहेको छ । त्यसैगरी छात्राहरूको मध्यमान २६.५८ देखिन्छ । जुन समग्र मध्यमानभन्दा १.९८ ले बढी रहेको छ ।

त्यसैगरी समूहगत मध्यमानको आधारमा छात्रहरूको मध्यमान छात्रा समूहको मध्यमानभन्दा ०.१८ ले कमी हुन आउँछ । यसरी छात्र समूहको तुलनामा छात्राहरूको मध्यमान बढी आएकोले छात्राहरूको अनुच्छेदलेखन क्षमता तुलनात्मक रूपमा उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ । त्यसैगरी मानक विचलनका आधारमा छात्राहरूको मानक विलचन ९.११ रहेको कुरा तथ्याङ्कबाट पुष्टि हुन्छ जुन समग्र मानक विचलन भन्दा ०.६५ ले बढी रहेको छ । त्यसैले छात्राहरूको मानक विचलन समग्र मानक विचलनभन्दा ०.७१

प्रतिशतले कमी रहेको पाइन्छ । तालिकाअनुसार छात्रहरूको मानक विचलन छात्राहरूको तुलनामा ०.०७ प्रतिशले कमी छ । त्यसैगरी कुल प्राप्ताङ्क र प्रतिशतका आधारमा २५०० पूर्णाङ्कमा छात्रहरूले कुल प्राप्ताङ्क ११४६ अथवा ४५.८४ प्रतिशत प्राप्त गरेका छन् भने छात्राहरूको २५०० कुल पूर्णाङ्कमा १३१२ अथवा ५२.४८ प्रतिशत प्राप्त गरेका छन् । तुलनात्मक रूपमा हेर्दा छात्रहरूले छात्राहरूको भन्दा ६.६४ प्रतिशते कम ल्याएका छन् ।

यसरी हेर्दा अनुच्छेदलेखनमा छात्राहरू छात्रहरूका तुलनामा केही अगाडि देखिन्छ वा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो मानिन्छ ।



# अध्याय सात

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

दाङ जिल्लाका लमही नगरपालिकाभित्र ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूमा गरिएको अनुच्छेदलेखन क्षमताको अध्ययनमा ५० जना पहिलोभाषी हुने र ५० जना दोस्रोभाषी हुने विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको छ । जसमा सम्पूर्ण प्रतिनिधि विद्यार्थीहरूको भाषिक पृष्ठभूमिलाई आधार बनाएर अध्ययन गरिएको छ । पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन निम्नानुसार प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थी छनोट गरिएको थियो जसमा नेपाली पहिलो भाषा हुने छात्र र छात्रा गरी ५० जना र नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने छात्र र छात्रा गरी ५० जना प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ ।

## ७.१ नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको विश्लेषण

दाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूमा गरिएको अनुच्छेदलेखन क्षमताको अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूलाई वर्गीकरण गरी अध्ययन गरिएको छ । ५० जना नेपाली भाषालाई पहिलो भाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ ।

**समग्र आधारमा**

| कूल छात्रहरूको सङ्ख्या | छात्रहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | सबै छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|
| ५० | २५०० | ११९५ | ४७.८० |

भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताका प्रतिशतका गणना गरी प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको कुल ५० जना

विद्यार्थीहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क २५०० मा पहिलोभाषी विद्यार्थीहरूले कुल प्राप्ताङ्क ११९५ प्राप्त गरेका छन् अर्थात् ४७.८० प्रतिशत प्राप्त गरेका छन् ।

**तालिका नं. ११**

**प्रतिशतका आधारमा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | १० | २० | १५ | ३० | १५ | ३० | ५ | १० |

प्रस्तुत तालिकामा भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशत गणना गरी प्रतिनिधि नमुनाका जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल ५० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरिएको छ । उक्त तथ्याङ्कअनुसार ३२ प्रतिशतभन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ अथवा १० प्रतिशत रहेको छ । त्यस्तै ३२% भन्दा माथि ४२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० अथवा २० प्रतिशत रहेको छ । ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ रहेको पाइन्छ अथवा ३० प्रतिशत रहेको छ । ५२ प्रतिशतभन्दा माथि ६२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरू १५ जना अर्थात् ३० प्रतिशत रहेका छन् । त्यसैगरी अध्ययनका क्रममा उच्चतम श्रेणीका रूपमा छुट्याइएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरू ५ जना अर्थात् १० प्रतिशत रहेका छन् ।

माथिको तथ्याङ्कका आधारमा कक्षा सातमा अध्ययनरत पहिलोभाषी विद्यार्थीहरूको समग्र सिप विकासको लागि अनुच्छेदलेखन क्षमता छुट्याइएको ३२% भन्दा कम ल्याउने विद्यार्थी ५ जना र उच्चतम अध्ययनमा छुट्याइएको उच्चतम प्रतिशतभन्दा माथि ल्याउने ५ जना विद्यार्थी रहेका छन् ।

**मध्यमान र मानक विचलनका आधारमा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अध्ययन गरिएको छ ।

| X | f | m | fm | d= (m-a) | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| ५-९ | १ | ७ | ७ | -२० | ४०० | ४०० |
| १०-१४ | १ | १२ | १२ | -१५ | २२५ | २२५ |
| १५-१९ | ११ | १७ | १८७ | -१० | १०० | ११०० |
| २०-२४ | १८ | २२ | ३९६ | -५ | २५ | ४५० |
| २५-२९ | १२ | २७ | ३२४ | ० | ० | ० |
| ३०-३४ | ४ | ३२ | १२८ | ५ | २५ | १०० |
| ३५-३९ | ० | ३७ | ० | १० | १०० | ० |
| ४०-४४ | २ | ४२ | ८४ | १५ | २२५ | ४५० |
| ४५-४९ | १ | ४७ | ४७ | २० | ४०० | ४०० |
| | ΣN= ५० | | Σfm = ११८५ | | | $\Sigma fd^2$=३१२५ |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{११८५}{५०} = २३.७०$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{३१२५}{५०}} = \sqrt{६२.५} = ७.९१$$

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २३.७० | ७.९१ | २२ | ४४ | २८ | ५६ |

उल्लेखित तालिकाअनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरूको कुल सङ्ख्या ५० रहेको छ । समूहगत मध्यमान २३.७० र समूहगत मानक विचलन ७.९१ देखिएको छ । मध्यमानलाई आधार बनाएर हेर्दा मध्यमानभन्दा माथि ४४ प्रतिशत र मध्यमानभन्दा तल ५६ प्रतिशत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मापन गराउन सफल भएको तथ्य तालिकाबाट देखिन्छ । मध्यमानका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सन्तोषजनक देखिँदैन ।

## ७.२ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन

दाङ जिल्लाका लमही नगरपालिकाभित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूमा गरिएको अनुच्छेदलेखन क्षमताको अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूलाई वर्गीकरण गरिएको छ । १०० जना विद्यार्थीहरूमध्ये ५० जना नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीहरूलाई छनोट गरिएको छ ।

**नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने समग्र विद्यार्थीहरूको प्राप्ताङ्कको स्थिति**

| कूल छात्रहरूको सङ्ख्या | छात्रहरूको सबै सिप विकासका लागि कुल पूर्णाङ्क | सबै छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|
| ५० | २५०० | १२६२ | ५०.४८ |

दोस्रोभाषी विद्यार्थीहरूको सबै सिप विकासका लागि दिइएको कुल २५०० पूर्णाङ्कमा १२६२ कुल प्राप्ताङ्क वा ५०.४८ प्रतिशत प्राप्त गरेका छन् ।

**तालिका नं. १२**

**दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशताङ्कको अवस्था**

| कूल सङ्ख्या | ३२ प्रतिशतभन्दा कम | | ३२-४१ प्रतिशतभन्दा कम | | ४२-५१ प्रतिशतभन्दा कम | | ५२-६१ प्रतिशतभन्दा कम | | ६२ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७ | १४ | ७ | १४ | १३ | २६ | ११ | २२ | १२ | २४ |

प्रस्तुत तालिकामा भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको प्रतिशत गणना गरी प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल ५० जना दोस्रोभाषी विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणी वर्गीकरण गरिएको छ । उक्त तथ्याङ्कअनुसार ३२% भन्दा कम अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ अथवा १४ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ३२ प्रतिशतभन्दा माथि ४२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना अथवा १४ प्रतिशत रहेको छ । त्यसैगरी ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ अथवा २६ प्रतिशत रहेको छ । ५२ प्रतिशतभन्दा माथि ६२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ अथवा २२ प्रतिशत रहेको देखिन्छ । अध्ययनमा उच्चतम प्रतिशतका रूपमा निर्धारण गरिएको ६२ प्रतिशतभन्दा माथि अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ अथवा २४ प्रतिशत रहेको छ । सबैभन्दा बढी ४२ प्रतिशतभन्दा माथि ५२ प्रतिशतभन्दा तल अनुच्छेदलेखन क्षमता भएका विद्यार्थीहरू रहेका छन् ।

**मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अध्ययन गरिएको छ :

| X | f | m | fm | d= (m-a) | $d^2$ | $fd^2$ |
|---|---|---|---|---|---|---|
| ५-९ | २ | ७ | १४ | -२० | ४०० | ८०० |
| १०-१४ | ४ | १२ | ४८ | -१५ | २२५ | ९०० |
| १५-१९ | ६ | १७ | १०२ | -१० | १०० | ६०० |
| २०-२४ | १० | २२ | २२० | -५ | २५ | २५० |
| २५-२९ | १४ | २७ | ३७८ | ० | ० | ० |
| ३०-३४ | ४ | ३२ | १२८ | ५ | २५ | १०० |
| ३५-३९ | ७ | ३७ | २५९ | १० | १०० | ७०० |
| ४०-४४ | ३ | ४२ | १२६ | १५ | २२५ | ६७५ |
| ४५-४९ | ० | ४७ | ० | २० | ४०० | ० |
| | ΣN= ५० | | Σfm = १२७५ | | | $\Sigma fd^2$=४०२५ |

$$\overline{X} = \frac{\Sigma Fm}{N} = \frac{१२७५}{५०} = २५.५०$$

$$\sigma = \sqrt{\frac{\Sigma Fd^2}{N}} = \sqrt{\frac{४०२५}{५०}} = \sqrt{८०.५०} = ८.९७$$

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २५.५० | ८.९७ | २३ | ४६ | २७ | ५४ |

उल्लेखित तालिकाअनुसार दोस्रोभाषी विद्यार्थीहरूको ठूलो सङ्ख्या ५० जना रहेको छ । समूहगत मध्यमान २५.५० र समुहगत मानक विचलन ८.९७ देखिएको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ४६ प्रतिशत मध्यमानभन्दा तल ५४ प्रतिशत विद्यार्थीहरूमा अनुच्छेदलेखन क्षमता मापन गराउन सफल भएको तथ्य तालिकाबाट देखिन्छ । मानक विचलनमा पनि एकरूपता नभएको कुरा ८.९७ हुनुले पुष्टि गर्दछ । निष्कर्षमा मध्यमानका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन नतिजा पहिलोभाषी विद्यार्थीहरूको तुलनामा राम्रो भए पनि त्यति सन्तोषजनक देखिदैन । दोस्रोभाषी विद्यार्थीहरू नेपाली स्वतन्त्र लेखना राम्रो रहेको कुरा तथ्याङ्कले देखाएको छ ।

## ७.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन

अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा तुलनात्मक अध्ययन गर्दा भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरू बिचको प्रतिशत, मध्यमान र मानक विलचनको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १३**

**भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन**

| तुलनात्मक समूह | सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|---|---|
| संस्थागत विद्यालय | ५० | ११९५ | ४९.१४ | २३.७० | २४.६० | ७.९१ | ८.४६ |
| सामुदायिक विद्यालय | ५० | १२६२ | | २५.५० | | ८.९७ | |

प्रस्तुत तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी ५० र नेपाली विमातृभाषी ५० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययनमा समग्र प्रतिशत ४९.१४ रहेको छ। भने समग्र मानक विचलन ८.४० र समग्र मध्यमान २४.६० कायम भएको छ । समूहगत रूपमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान २३.७० र दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान २५.५० रहेको तालिकाले देखाएको छ। नेपाली पहिलोभाषी विद्यार्थीहरूको मानक विचलन ७.९१ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ८.९७ रहेको पाइन्छ। समग्र मध्यमानलाई आधार मानि हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.९ ले कमी हुनु र त्यसैगरी दोस्रोभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.९ ले बढी देखिन्छ । त्यसैगरी समग्र मानक विचलनका आधारमा हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको मानक विचलन ७.९१ छ जुन समग्र मानक विचलनभन्दा ०.५५ ले कमी छ।

नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ८.९७ छ जुन समग्र मानक विचलनभन्दा ०.५१ ले बढी रहेको कुरा प्रस्तुत तथ्याङ्कले देखाएको छ । त्यसैले भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन क्षमता नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय आठ

# सारांश निष्कर्ष र उपादेयता

## ८.१ सारांश

प्रस्तुत अध्ययन दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउन गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्नु, पहिलो नेपालीभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन र नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकता आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु रहेको छ ।

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि दाङ जिल्लाका लमही नगरपालिकाभित्रका दशवटा विद्यालय अर्थात् पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसमा सामग्री सङ्कलनका लागि मूलतः क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

सामुदायिक विद्यालयका ५० जना संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू जसमा लैङ्गिकताका आधारमा ५० जना छात्र ५० जना छात्रा त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा ५० जना नेपाली पहिलोभाषी र ५० जना नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीलाई 'मेरो देश' र 'दशैँ' शीर्षकमा अनुच्छेद लेखन कार्य गराइएको छ । प्रस्तुत अध्ययनमा अध्ययनबाट प्राप्त तथ्याङ्क, समग्रता, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम खालको रहेको निष्कर्ष निकालिएको छ । समग्र अनुच्छेदलेखन क्षमता ४९.१४ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता ४४.८४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता ५३.४४ रहेको तथ्याङ्कबाट थाहा पाउन सकिन्छ । त्यसैगरी लैङ्गिकताका आधारमा छात्रहरूको अनुच्छेदलेखन क्षमता ४५.८४ र छात्राहरूको

५२.४८ प्रतिशत रहेको छ भने भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी विद्यार्थीहरूको ४७.८० र दोस्रोभाषी विद्यार्थीहरूको ५०.४८ प्रतिशत रहेको निष्कर्ष निकालिएको छ ।

अनुच्छेदलेखन विस्तृत र व्यापक रूपमा प्रस्तुत विचारलाई छोटकरीमा प्रस्तुत गर्ने लेखन सिप हो । यसमा मूल पाठमा भएका अप्रासङ्गिक र अनावश्यक कुरालाई हटाइन्छ । आवश्यक अंशलाई नछुटाइकन सम्पूर्ण तरिकाले प्रस्तुत गरिन्छ । शोध शीर्षक पाठ्यपुस्क, पत्रपत्रिका, श्रव्य दृश्य सामग्री सुनेर पूर्वकार्यको अध्ययन गर्ने क्रममा अनुच्छेदलेखनसम्बन्धी एक शीर्षकमा गरिएको अनुसन्धानलाई अध्ययन गरेर निष्कर्ष यस अनुसन्धानमा राखिएको छ ।

## ८.२ निष्कर्ष

निम्न माध्यमिक तह कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको यस शोधकार्यमा विभिन्न खोज र अनुसन्धानका क्रममा प्राप्त गरेका परिणामका आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ :

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखनको समग्र सिपगत आधारमा विषयवस्तुको संयोजन, भाषिक शुद्धता, स्तर अनुरूपता र प्रस्तुतीकरण मध्यम खालको देखिएको छ । गणितीय तथ्याङ्कका आधारमा हेर्दा ४९.१४ प्रतिशत अङ्क विद्यार्थीले प्राप्त गर्नुले उक्त कुरा प्रस्ट हुन्छ ।

- मध्यमानका आधारमा हेर्दा कक्षा सातमा विद्यार्थीहरूमा ५० पूर्णाङ्कको परीक्षणमा मध्यमान २४.७० र मानक विचलन ८.४६ भएकाले उक्त तथ्याङ्कका आधारमा हेर्दा विद्यार्थीहरूमा भाषिक प्रस्तुति, शैली, शुद्धता, विषयवस्तुको संयोजन खासै सन्तोषजनक नभई मध्यम खालको भइरहेको छ ।
- समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता ६२ प्रतिशतभन्दा माथि १७ प्रतिशत रहेकाले दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सन्तोषजनक देखिँदैन ।
- अनुच्छेदलेखन क्षमताको समग्र अध्ययनका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अवस्था राम्रो रहेको पाइयो ।

- पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूमा अनुच्छेदलेखन कार्य गराइ गरिएको परिक्षणमा ४४.८४ प्रतिशत र संस्थागत विद्यालयको ५३.४४ प्रतिशत प्राप्त गरेको पाइयो ।
- लैङ्गिकताको आधारमा छात्रहरूका भन्दा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । ५० जना छात्र र ५० जना छात्रा लिँदा छात्र ५५.८४ र छात्रा ५२.४८ प्रतिशत अङ्क प्राप्त गर्नुबाट उक्त कुरा पुष्टि हुन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली पहिलोभाषी विद्यार्थीको भन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । जहाँ नेपाली पहिलोभाषी विद्यार्थीहरूका ४७.८० प्रतिशत र नेपाली दोस्रोभाषी विद्यार्थीले ५०.४८ प्रतिशत प्राप्त गरेका छन् ।
- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखनका क्रममा लेख्य चिह्नको प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूले चन्द्रविन्दु, शिर बिन्दु, विभाक्तिको प्रयोगमा कमजोर रहेको पाइयो ।

## ८.३ उपादेयता

भाषाका मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । योमध्ये भाषाका चारवटा सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये लेखाइ सिप सबैभन्दा अन्तिम वा स्तरीय भाषिक सिप हो । अनुच्छेदलेखनको प्रयोग तह भाषिक सिपहरूमध्ये लेखाइ सिप सबैभन्दा उत्कृष्ट स्तरीय दीर्घकालीन सिपको रूपमा मानिन्छ । व्यक्तिले ज्ञान र अनुभव गरेका कुरालाई अरूसमक्ष प्रस्तुत गर्न ती कुरालाई स्मरणमा राख्न र भविष्यमा आफू र अरूका लागि आवश्यकताअनुसार उपयोगमा ल्याउन लेखन कलाले मद्दत गर्दछ । अनुच्छेदलेखन लेखन सिप विकासको महत्त्वपूर्ण कार्यकलाप हो ।

- विद्यार्थीहरूको लेखन सिपमा निखार ल्याउन,
- वर्णविन्यास र व्याकरणगत त्रुटिहरूको निराकरण गर्न सहयोग पुऱ्याउनु
- कुनै विषय, क्षेत्र वा शीर्षकका बारेमा आफ्नो विचार वा भावलाई मौलिक सहज सङ्क्षिप्त र स्वतन्त्र रूपमा अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गराउनु

- लेखाइमा शुद्धता, स्पष्टता र स्तरीयता ल्याउन सहयोग पुऱ्याउन,
- नेपाली भाषा शिक्षण गर्ने शिक्षक, विद्यार्थी एवम् अभिभावकका लागि उचित मार्ग दर्शन प्रदान गर्न,
- अनुच्छेदलेखनका माध्यमबाट साहित्यका विविध विधाहरूको लेखनमा सहयोग पुऱ्याउन
- विद्यार्थीहरूको मौखिक क्षमता प्रस्तुत गर्न
- अनुच्छेदलेखनबाट कुनै पनि विषय शीर्षकका बारेमा सन्दर्भ नछुट्याई शृङ्खलाबद्ध रूपमा छोटो तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्न,

## ८.४ सुझावहरू

यस अध्ययन अनुसन्धानको अनुभवका आधामा अनुच्छेदलेखनका लागि निम्नलिखित सुझाव दिन सकिन्छ :

- अनुच्छेदलेखन लेखाइ सिप विकासको प्रमुख आधार भएकाले भाषा पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण गर्ने क्रममा यसलाई महत्त्वपूर्ण स्थान दिई पाठ्य पुस्तकको अभ्यासमा राख्नु पर्ने,
- दाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम खालको भएकाले यसको सुधारका लागि लेखाइ सिपको कार्यकलापमा निरन्तर अभ्यास गराउनु पर्ने देखिन्छ ।
- विद्यार्थीहरूमा लेखन सिप विकास गराउन लेखन सिप विकाससम्बन्धी श्रुति लेखन, सारांश लेखन, अनुलेखन गराउने ।
- नेपाली विषयमा विशिष्टीकरण गरेको र तालिम प्राप्त शिक्षकद्वारा नै नेपाली विषय पढाउने परिपाटी मिलाउने
- विभिन्न विषयमा बुँदाटिपोट गर्न लगाई आदि, मध्य र अन्त्यको अनुच्छेदात्मक ढाँचा लेख्न प्रेरित गर्ने
- विद्यार्थीहरूले देखेका, अनुभव गरेका विचारलाई स्वतन्त्र ढङ्गले अभिव्यक्ति गर्न लगाउने,

- घोक्ने, कण्ठ गर्ने प्रवृत्तिलाई अन्त्य गरी सिर्जनात्मक र स्वतन्त्र लेखनमा अभ्यास गराउने,
- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेदलेख्ने क्रममा विशेष गरी विषयवस्तुको प्रस्तुतीकरण, भाषिक शुद्धता, वर्णविन्यास जस्ता पक्षमा त्रुटि गरेकाले यस्ता पक्षमा विद्यार्थीहरूलाई जानकारी दिइ थप अभ्यास गराउने,
- संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कमजोर रहेकाले कमजोरी हुनाको कारण पहिचान गरी थप अभ्यास गराउने ।

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६१), *नेपाली भाषा शिक्षण* (छैठौं सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, शुदर्शन (२०७२), 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., विमला (२०७३), 'सल्यान जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., शान्ति (२०७१), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताो अध्ययन,' स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., सरस्वती (२०७२), 'रामेछाप जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०७१), *स्नातक नेपाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, शकुन्तला (२०७३), 'चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चपाई, कल्पना (२०७३), 'काठमाडौं जिल्लाका कक्षा एघार पुरा गरेका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ज्ञवाली, रामप्रसाद र रमेशप्रसाद भट्टराई (२०६४), *सबैको नेपाली,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६७), *नेपाली भाषाा शिक्षण परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७०), *अनिवार्य नेपाली,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाइन पब्लिकेसन ।

न्यौपाने, प्रतिभा (२०७३), 'काभ्रे जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पन्त, भवानसिंह (२०७२), 'कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, ॠषि (२०७०), 'पाल्पा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, इन्दिरा (२०७३), 'स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *अनिवार्य नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, तारादेवी (२०७२), 'जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६७), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६५), *साधारण नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६२), *नेपाली भाषा शिक्षण परिचय* (चौ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषाशिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सावित्रीकुमारी (२०७२), 'पर्वत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिग्देल, राधिका (२०७२), 'चितवन जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शाोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।